# नेपाल मानव अधिकार प्रतिवेदन २०१९

## मुख्य सार

नेपाल एउटा लोकतान्त्रिक गणतन्त्र हो। नेपालको राजनैतिक व्यवस्था सन् २०१५ मा जारिगरिएको संविधानमा आधारित छ, जसअनुसार मुलुकमा कार्यकारी प्रधानमन्त्री, दुई सदनको संसद र सातवटा प्रदेशको संरचनालाई स्थापना गरेको छ। सन् २०१७ मा राष्ट्रिय चुनाबहरु गरि राष्ट्रिय प्रतिनिधि सभा (तल्लो सदन) साथै सातैवटा नयाँ बनेका प्रदेश सभाहरुको निर्वाचनहरु सम्पन्न गरीएका थिए। स्वदेशी र विदेशी पर्यवेक्षकहरू दुवैले राष्ट्रिय निर्वाचन "प्रायः सुसञ्चालित" रहेको चित्रण गरेका छन्। यद्यपि केही पर्यवेक्षकहरुले निर्वाचन आयोगको कार्यमा पारदर्शिताको अभाव महसुस भएको उल्लेख गरेका थिए।

देशव्यापि रुपमा शान्ति सुरक्षा कायम राख्न नेपाल प्रहरी जिम्मेवार हुन्छ। सशस्त्र प्रहरी बल (एएफपी) ले आतंकवादको सामना गर्ने, सार्बजनिक आन्दोलन र दंगामा सुरक्षा प्रादान गर्ने, दैवी प्रकोपमा सहयोग पुऱ्याउने, संवेदनशील पूर्वाधार र राष्ट्रका विशिष्ट व्याक्तिहरू लगायत नाका-सिमाना सुरक्षित राख्ने जिम्मेवारी वहन गर्दछ। नेपाल प्रहरी र एएफपी दुवै गृह मन्त्रालयप्रति उत्तरदायी हुन्छन। नेपाल सेनाले मुख्य रुपमा देशलाई बाहिरी शक्तिबाट सुरक्षित राख्ने र अन्तर्राष्ट्रिय शान्ति सेनाको जिम्मेवारी वहन गर्ने गर्दछ। यद्यपि दैवी प्रकोपमा उद्धारकार्य एवं प्रकृति संरक्षण जस्ता विषयहरूमा पनि नेपाल सेनाले केही भूमिका निर्वाह गर्ने गर्दछ। नेपाल सेना रक्षा मन्त्रालय प्रति उत्तरदायी हुन्छ। निजामती अधिकारीहरूले नेपाल प्रहरी, एएफपी र नेपाल सेनालाई प्रभावकारी रुपमा आफ्नो नियन्त्रण भित्र राखेका थिए।

मुलुकमा उल्लेख्य मानव अधिकारका मुद्दाहरु विद्यमान रहे: गैरकानूनी अथवा मनमानीपूर्ण लगायतका अन्यायिक हत्याका उजुरी; यातना; सरकारद्वारा मनमानीपूर्ण थुनेर राख्ने; वेबसाइटमाथी रोक र मानहानी सम्बन्धी फौजदारी कानुनहरू; शान्तिपूर्ण रुपमा भेला हुने र संगठन गर्ने स्वतन्त्रतामा हस्तक्षेप, साथै गैर सरकारी संस्थाहरु (गैसस) प्रति बढी प्रतिबन्धात्मक कानुन; शरणार्थीहरुको हिंडडूल गर्ने हकमा नियन्त्रण, खासगरी स्थानीय तिब्बतीहरूको हकमा; भ्रष्टाचार सम्बन्धि महत्वपुर्ण घटनाहरू; र शक्तिको प्रयोग, बाध्यात्मक र बाल श्रमको प्रयोगहरु पर्दछन।

कानुन उल्लंघन गर्ने सरकारी अधिकारी तथा सुरक्षाकर्मी माथि सरकारले अनुसन्धान गरेपनि उनीहरूलाई जिम्मेवार बनाईएन। पछिल्ला वर्षहरूमा बिरोध प्रदर्शन माथि नियन्त्रण गर्न बढी बल प्रयोग गरेको आरोप लागेका सुरक्षाकर्मीहरूको हकमा मात्र नभई द्वन्द्वकालका मानव अधिकार उल्लंघनकारीहरूलाई पनि खासै जिम्मेवार बनाईएन।

## खण्ड १. व्यक्तिको निष्ठाको सम्मान जसअन्तर्गत निम्न स्वत्रता समेटिएका हुन्छन्:

### क. मानिसको बाँच्ने अधिकार मनमानी ढंगबाट हनन गर्ने र गैरकानूनी अथवा राजनीतिबाट प्रेरित अन्य प्रकारका हत्या

सरकार वा सरकारी कार्यकर्ताको तर्फबाट मनमानीपूर्ण अथवा गैरकानुनी रुपमा हत्या भएका बारे कयौ जानाकारिहरु (रिपोर्टस) थिए।

जून महिनाको २० तारिख सर्लाही जिल्लामा माओवादीबाट टुक्रिएको विप्लब समूहका एकजना स्थानीय नेता प्रहरीद्वारा मारिए। कुमार पौडेलले उनीहरु माथि गोली चलाएपछि उनिमाथी गोली प्राहार गरिएको प्रहरीले बताए। प्रारम्भिक छानबिनको आधारमा राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) ले पौडेलको मृत्यु शंकास्पद रहेको सुझाउ गरे र गैर सरकारी मानब अधिकार संस्था आङ्नोकेसी फोरमले सो गोली कारबाही सम्भवतया प्रहरीले रचेको हुन सक्ने जानकारी दिए। सेप्टेम्बर सम्ममा कुनै पनि प्रहरी माथि कार्वाही चलाईएको थिएन।

२०१८ को अगस्त महिनामा भक्तपुर जिल्लामा ११ वर्षीय निशान खड्काको अपहरण र हत्याकाण्डमा संलग्न भएको शंकामा मारिएका दूईजनाको बारे समाधान भएको छैन। मानब अधिकारकर्मी र स्थानीय संचारले शंका गरिएका व्यक्तिहरु पहिलानै प्रहरीको नियन्त्रणमा थिए र प्रहरीले मारेको औचित्य पुष्टीगर्न यो रचना गरेका हुनसक्ने भनेका छन्। २०१८ को अगस्त महिनामा १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार र हत्याकाण्डको विरुद्ध भेला भएर न्यायको माग गर्दै गरेको समूहमाथि एएफपीले गोली चलाए जसबाट। एक १४ वर्षका बालकको मृत्यु हुनुकासाथै अन्य २४ जना प्रदर्शनकारीहरु घाइते भए। सेप्टेम्बर महिनासम्म आइपुग्दा गृह मन्त्रालयको छानबिन समितिको सिफारिशमा ८ जना प्रहरीलाई निलम्बन र २ जनालाई बर्खास्त गरियो। यद्यपि निर्मला पन्तको बलात्कार र हत्याको अभियोगमा कसैलाई पनि हिरासतमा लिइएको छैन।

एनएचारसीले  स्वतन्त्र मधेश आन्दोलनसँग आवद्ध राम मनोहर यादवलाई प्रहरीले २०१८ को सेप्टेम्बरमा गिरफ्तार गरेको एक हप्तापछि उनको मृत्यु भएको मुद्दामाथि अनुसन्धान गर्यो।  अधिकारकर्मीहरूका अनुसार प्रहरीले यादवलाई हिरासतमा यातना दिएको र उनी बिरामी परेपछि पनि उनको स्वास्थ्य सम्बन्धी आवश्यक ध्यान नपुऱ्याएको दाबी गरेकाछन्।  गृह मन्त्रालयले यस आरोपलाई अस्वीकार गरेको भएपनि यादवलाई आइसीयु सेवाको खोजीमा चारवटा फरक फरक अस्पतालमा लगिएको बताएको छ। जुलाइ महिनामा गृह मन्त्रालयले उक्त  मृतकको परिवारलाई १० लाख रुपियाँ ($१०,०००) क्षतिपूर्ति दिने सम्झौता गर्यो र एएचआरसी त्यो मुद्दालाई बन्द गरिदियो, यद्यपि सरकारले यस काण्डमा कुनैपनि प्रहरीविरुद्ध कारबाही चलाएन।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सन् २०१५ मा संविधान जारी गर्दाको समयमा आन्दोलनकारीमाथि अत्यधिक शक्ति प्रयोग गरेकोबारे अनुसन्धान गर्न गठित उच्च स्तरीय अनुसन्धान आयोग (एचएलईसी) ले सन् २०१७ मा ३००० भन्दा बढी उजुरीहरु प्राप्त गरेको थोयो।  सन् २०१५ को अन्दोलनमा ९ जना प्रहरील सहित ४५ जना सर्वसाधारणको मृत्यु भएको थियो।  आफ्नो प्रतिबेदन तयार पारिसके पछी एचलयीसीलाई खारेज गरिएको थियो तर सरकारले वर्षको अन्त्य सम्ममा पनि उक्त प्रतिबेदन सार्बजनिक गरेको थिएन।

**ख. बेपत्ता**

२०१८ को फौजदारी ऐनले बेपत्ता बनाउने कार्यलाई औपचारिकरूपमा अपराध भनि परिभाषित गरेको छ।  यस वर्षमा सरकार वा सरकारको तर्फ बाट कसैले कुनै पनि व्यक्तिलाई बेपत्ता पारिएको उजुरि परेका थिएनन।

सन् १९९६-२००६ सम्म चलेको घरेलु द्वन्द्वमा बेपत्ता परिएकाहरूको अवस्था अज्ञात नै रह्यो।  राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) को अनुसार करिब ८०१ वटा बेपत्ता पारिएकाहरूका मुद्दा अझै अनिर्णित अवस्थामा छन्, जुन आयोगका अनुसार अधिकांशमा राज्यको संलग्नता भएको हुन सक्नेछ। डिसेमबर महिनाको सुरुआत सम्ममा सरकारले द्वन्द्वकालमा बेपत्ता परिएकाको मुद्दामा नत कुनै वर्तमान वा भूतपूर्व सरकारी अधिकारीविरुद्ध कारबाही चलायो नत सरकारद्वारा बेपत्ता पारिएको भनेर एनएचआरसीले पहिचान गरेका ६०६ जना व्यक्तिहरूको अवस्थाबारे थप जानकारी नै खुलायो। एनएचआरसीको अनुसार द्वन्द्वकालमा माओवादीद्वारा १४९ जनालाई बेपत्ता बनाइएको बिश्वास गरिएको

थियो। डिसेम्बर महिनाको सुरु सम्मामा बेपत्ता पारिएकाहरुको मुद्दामा सरकारले कुनै पनि माओवादी वा राज्य पक्षविरुद्ध कारबाही गरेको थिएन।

सन् २०१७ मा द्वन्द्वकालमा बेपत्ता परिएकाहरूको बारेमा परेको उजुरीहरूको अनुसन्धान गर्नभनि बेपत्ता व्यक्तिबारे स्वतन्त्र अनुसन्धान आयोग (सिआइईडिपी) ले पाँचवटा टोली बनायो। यस आयोगको सामु ३,१९७ वटा उजुरी दर्ता भएका थिए जसमद्धे २,५१२ वटा उजुरीमाथि मुद्दा चलाउने निर्णय गरियो। अप्रिलमा सिआइईडिपीले बताए अनुसार यो संख्यामद्धे २,००८ को अनुसन्धान गरिएको थियो।

सिआइईपी सम्बन्धी त्रुटीहरूकोबारेमा मानव अधिकार संघ-संस्थाहरूले चिन्ता व्यक्त गरिने रहे। अन्तरास्ट्रिय जुरिस्ट आयोगका अनुसार सिआइईपीले काम गर्नु पर्ने ठुलो संख्याको अनुपातमा उसलाई प्रयाप्त जनसक्ति र अर्थिक श्रोत उपलब्ध नभएको कारण प्रभावित भयो, अनुसन्धाकर्ताको नियुक्तिहरूमा पारदर्शिताको अभाव रहेको, र पीडित र प्रत्यक्ष साक्षीहरूको सुरक्षा र गोपनियता सुनिश्चित गर्नका लागि पर्याप्त प्रावधान नभएको जिकिर गरेको छ। धेरै जिल्लाहरुमा अनुसन्धाताहरूले मेलमिलाप गर्नेबारे सोधपुछ गर्न थालेपछि त्यसबारे पिडितहरुले चिन्ता ब्यक्त गरेका थिए।

**ग. यातना र अन्य क्रूर, अमानविय वा निकृष्ट व्यवहार वा सजाय**

संविधानले यातना बर्जित गरेको छ र फौजदारी ऐनले यातनालाई अपराध घोषित गर्दै त्यसको सजायसमेत तोकेको छ। यातनाको क्षतिपूर्ती बारे ऐनले यातना पीडितलाई क्षतिपूर्ती दिने प्रवन्ध गरेको छ।

मानव अधिकारकर्मी र कानुनविदहरूका अनुसार प्रहरीले जबरजस्ती दोष स्वीकार गराउनका लागि कुटपीटजस्ता कठोर दुर्व्यवहार प्रयोग गरे। स्थानीय गैर सरकारी संस्था एड्भोकेसी फोरम (एएफ) ले यस किसिमको प्रहरीको दुर्व्यवहारमा देशव्यापी रुपमा कुनै परिवर्तन नआएको जनाए, तरपनि एएफका अनुसार प्रहरीले बन्दीहरूको प्रारम्भिक स्वास्थ्य जाँच गराउनु पर्ने अदालतको आदेशको पालना गर्न थालेको बताएका छन्।

एएफ र तराई मानव अधिकार प्रतिरक्षक गठबन्धन (टिएचआरडीए) दुवै गैससले प्रहरी वा अन्य सरकारी पक्षको धम्की र उनीहरूले बदला लिने डरको कारण यातना पीडितहरू उजुरी गर्न हिचकिचाउने गरेको

बताएका छन्। कुनै कुनै मुद्दाहरुमा पीडकले दबाब दिएपछि पीडितले अदालत बाहिर नै मुद्दामा सम्झौता गरेको पाइयो। एएफ र टिएचआरडीएका अनुसार विश्वासनीय प्रमाणको अभावमा (खासगरी स्वास्थ्य उपचारको कागजात) अदालतले अन्तमा गएर धेरै यातनासँग जोडिएका मुद्दाहरूलाई खारेज गरेको थियो। टिएचआरडीए र अन्य गैससका अनुसार कतिपय मुद्दाहरुमा अदातलले क्षतिपूर्ती दिलाउनुपर्ने अथवा प्रहरीलाई अनुशासनको कार्वाही गर्नुपर्ने फैसलाहरु गरे पनि ति फैसलाहरू बिरलै मात्र कार्यान्वयन गरिएका थिए।

सन् २०१७ मा टिएचआरडीएले मुलुकको तराइ भेकका कारागारहरूमा थुनेर राखेका ३४ प्रतिशत बन्दीहरूले कुनै न कुनै प्रकारको शारीरिक अथवा मानसिक दुर्व्यवहार भोग्नु परेको बताएका थिए। नेपाल प्रहरीको मानव अधिकार शाखाका अनुसार प्रहरीद्वारा अधिकांश यस्ता घटनाहरुको औपचारिक उजुरी र अनुसन्धान गरिएका थिएनन।

द्वन्द्वकालमा प्रयोग गरिएका यातनापूर्ण व्यवहारविरुद्ध कुनै पनि अपराध सम्बन्धि मुद्दाहरु न्याय प्रणालीसमक्ष ल्याईएका थिएनन्।

**कारागार र बन्दीगृहका अवस्था**

मानव अधिकार समूहहरुका अनुसार कारागारहरू र खास गरेर मुद्दा सुनुवाईपूर्व बन्दीलाई राखिने ठाउँहरूको अवस्था दयनीय र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पुरागरिएको छैनन।

भौतिक अवस्थाः कारागार प्रणालीमा बन्दीको बडी भिडभाड थियो। महान्यायधिवक्ताको कार्यालय (ओएजी) ले निकालेको देशव्यापी कारागार अनुगमन प्रतिवेदनले कारागारहरूमा क्षमताभन्दा झन्डै दोब्बर संख्यामा बन्दीलाई राखिने गरेको पाईयो। तराई मानव अधिकार प्रतिरक्षा गठबन्धनले बन्दीगृहहरूमा पनि बन्दी संख्याको चाप गम्भीर समस्याको रुपमा रहेको बताएको छ। ओएजीको अनुसार केही अपवादबाहेक अधिकांश कारागार र बन्दीकेन्द्रहरुमा प्रयाप्त झ्यालहरु, दिनमा राम्रो उज्यालो हुने र हावाको संचार प्रयाप्त मात्रामा भएको पाईयो।

केही बन्दी केन्द्रहरूमा प्रहरीले मुद्दा सुनुवाईको प्रतिक्षामा रहेका बन्दीलाई सजाय भोगिरहेका बन्दीहरु सँग एउटै ठाउँमा राख्ने गरेका छन्। नाबालकहरूलाई राख्ने पर्याप्त ठाउँ नभएकोले गर्दा मुद्दा सुनुवाई

नभएका नाबालकलाई पनि प्रहरीले कहिलेकाहीँ वयस्क कैदीसँगै राख्ने गरेको र केही अवस्थामा नबालकहरूलाई कारागारमै आफ्ना कैदी अभिभावकहरूसँग बस्न दिइएको पाईयो।

ओएजीको प्रतिवेदन अनुसार ओएजीले अनुगमन गरेको ३१ बन्दीगृहहरूमा कैदी र बन्दीहरूलाई नियमित स्वास्थ्य जाँच र उपचारबाट बञ्चित गरिएको पाईयो। टिएचआरडिएका अनुसार अधिकांश कारागारमा महिला, बालबालिका र अपाङ्गता भएकाहरूका लागि छुट्टै सुविधा र बन्दोबस्तको अभाव थियो।

एएफको अनुसार बन्दीहरूको स्वास्थ्य जाँच औपचारिकता पूरा गराउनको लागि मात्र गरिन्छ र गम्भीर बिमारी हुने बन्दीहरूलाई तल्लो स्तरको स्वास्थ्य उपचार मात्र उपलब्ध हुनेगरेको पाईन्छ। एएफको अनुसार पलंगको अभावमा केही बन्दीहरूलाई भूईंमै सुत्नु पर्ने मात्र होइन फिल्टर गरेको सफा पानी र प्रयाप्त खाना पनि उपलब्ध थिएनन्। धेरै बन्दी गृहहरू चिसो हुनुका साथै त्यहाँ ताजा हावा, प्रकाश, र ओढ्ने ओछ्याउनेको अभाव पनि रहेको थियो।

<u>प्रशासन:</u> दुर्व्यवहार सम्बन्धी आरोपहरूमा महान्याधिवक्ता लगायतका कार्यालयहरुले अनुसन्धान गरेका थिए (माथि हेर्नुस्)।

<u>स्वतन्त्र अनुगमन:</u> सरकारले कारागार र मुद्दा सुनुवाइ पूर्व बन्दीलाई राखिने ठाउँहरूमा ओएजी, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, र राष्ट्रिय दलित आयोग र अभियुक्तका वकिलहरूलाई बन्दीहरूसँग भेट गर्ने अवसर प्राप्त गराउने गरेको थियो। तराइ मानव अधिकार सुरक्षा गठबन्धन र एएफको अनुसार आफूहरू लगायत अन्य गैससलाई प्रहरीले कारागार परिसरमा जाने वा बन्दीहरूसँग भेट गर्ने मौका अक्सर नदिए पनि संयुक्त राष्ट्र संघलगायत अन्य अन्तरास्ट्रिय संघसंस्थाहरुलाई पहुँच मिलेको थियो। संचारलाई पनि कारागार र बन्दीगृहमा कुनै पहुँच थिएन। राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई त्यसतर्फ कदम चाल्न अनुरोध गर्न सक्ने भएपनि सरकारले त्यस्ता अनुरोधलाई प्रायः अस्वीकार गर्ने गरेको थियो।

**घ. मनमानीपूर्ण गिरफ्तारी र थुना**

कानुनले निषेध गरेको भएतापनि यस वर्ष सुरक्षाकर्मीहरूले मनमानीपूर्ण ढंगले गिरफ्तार गरेका विभिन्न जानकारीहरु प्रकाशमा आए। कानुनले गिर्फतार र पक्रउ गर्ने मामिलामा प्रमूख जिल्ला अधिकारीलाई फराकिलो अधिकार प्रदान गरेको छ। मानव अधिकारकर्मीको दाबी अनुसार प्रहरीले २४ घण्टा थुनामा राख्ने अख्तियारको दुरुपयोग गर्दै व्यक्तिहरूलाई गैरकानुनी हिरासतमा मात्र राखेनन् कि त्यस्ता बन्दीहरूलाई वकिल, खाना, औषधि र अन्य आधारभूत सुविधाबाट पनि बञ्चित गरे।

**गिरफ्तारीको प्रक्रिया र बन्दीहरूप्रति व्यवहार**

राष्ट्रिय सुरक्षा र लागू औषधका मुद्दामामिला अथवा तीन वर्षभन्दा बढीको जेल सजाय तोकिने अपराधहरूमा बाहेक अन्य अपराधमा प्रहरीले गिरफ्तारी वारेन्ट प्राप्त गर्नुपर्ने र संदिग्धलाई गिरफ्तारीको २४ घण्टाभित्र अदालतमा उपस्थित गराउनु पर्ने भनि कानुनमा तोकिएको छ (यात्रा समयलाई छोडेर)।

अदालतले बन्दीगरि राख्न स्वीकृत गरेको खण्डमा कानुनले सामान्यतय आरोपितलाई २५ दिन सम्म थुनामा राखेर अनुसन्धान गर्न र अपराध मुद्दा पेसगर्न प्रहरीलाई अधिकार दिएको हुन्छ। विशेष परिस्थिति/मुद्द्दाहरुमा यो समयावधि बढाइने पनि गरिन्छ। नसालु पदार्थ उलंघनमा संदिग्धलाई ९० दिनसम्म थुनामा राख्न सकिन्छ भने सम्भावित भ्रष्टाचारको मुद्दामा ६ महिनासम्म हिरासतमा राख्न सकिने प्रावधान रहेको छ। मानव अधिकार पर्यवेक्षकहरुले कानुनले स्थानीय अधिकारिहरुलाईलाई बढीनै स्वेच्छाचारी अधिकार प्रदान गरेको भन्दै चिन्ता व्यक्त गर्ने गरेका छन्। संविधानले बन्दीविरुद्ध कुनै मुद्दा दर्ता नभएपनि उसलाई राज्यले वकिल अथवा उसको रोजाईको अर्को वकिल उपलब्ध गराइनु पर्छ भनेर तोकेको छ। एकातिर आफ्नै पैसामा वकिल राख्नसक्ने हैसितयत कम मात्र बन्दीहरूको हुने गर्छ भने अर्कोतिर गरिब अभियुक्तहरूको लागि निःशुल्क र सक्षम वकिल उपलब्ध गराउने आर्थिक हैसियत न्याय व्यवस्थाको छैन। यद्यपि केही स्वतन्त्र संस्थाहरूले बन्दीमा रहेका अपराध अभियुक्तहरूलाई सीमित संख्यामा निःशुल्क कानुनी सेवा उपलब्ध गराउँदै आएकाछन।

परिवारका शादस्यहरु आएर भेट्न पाउने बन्धिहरुको कानुनि अधिकार छ, तर त्यो पहुच हरेक कारागारमा फरक फरक हुन सक्छ। प्रशासनले थुनामा रहेका अभियुक्तसँग भेट गर्न निजका

अधिवक्ताहरूलाई अक्सर स्वीकृति नदिने गरेका छन्। धरौटीमा छुट्ने ब्यबस्था छ र अभियुक्तले नगद वा अरु सम्पति अदालतमा धरौटी राख्न सक्छन। बन्दीलाई (बिना जमानत) आफ्नै कबुलमा छोड्नुबाहेक जमानत व्यवस्था भन्दा अर्को कुनै विकल्प प्रयोग गरेर अदालतमा उपस्थित गराउने बैकल्पिक व्यवस्था थिएन।

<u>मनोमानीपूर्ण गिरफ्तारी:</u> अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक) नामक गैससले जनवरी देखि जून महिना सममा २४७ जनालाई मनोमानीपूर्ण गिरफ्तारी (समयमा पकड़ाउ आदेश प्रस्तुत नगरी) गरीईएका घटनाहरुको अभिलेख गरेका थिए र यो हुनुमा बिप्लव माओवादी समूहको सूरक्षा जोखिमको कारण राज्यले बढी ध्यान दिन थालेकोले यस वर्ष यस्ता घटनामा तुलनात्मक वृद्धि हुन गएको भनीईएको छ।

<u>मुद्दा सुनुवाइपूर्व थुनानामा:</u> अभियुक्तलाई सजाय दिँदा थुनामा बिताएको समयको पनि गिन्ती हुने भएपनि मुद्दा सुनुवाइपूर्व बन्धिमा राखिएको समय कहिलेकाहीँ मुद्दा फैसला भएपछि अदालतले सुनाउने सजाय अवधिभन्दा लामो हुन जान्छ।

सार्वजनिक सुरक्षा ऐन अन्तर्गत सुरक्षाकर्मीले आन्तरिक सुरक्षा र अमनचैन, अरु देशसँगको मैत्रीपूर्ण सम्बन्ध, अथवा विभिन्न जात तथा धार्मिक समूहबीच सद्भाव बिथोल्ने व्यक्तिलाई हिरासतमा लिन सक्छन्। यस ऐनको प्रावधानसँग नबाझिएसम्म सरकारले कुनै पनि व्यक्तिलाई अभियोग नलगाई कन बन्दिको रुपमा १२ महिनासम्म थुनामा राख्न पाउँछ। यस ऐनअन्तर्गत अभियोग बिना थुनामा राखिने बन्दि सम्बन्धी अदालतलको कुनै पनि तात्विक भूमिका छैन।

मानव अधिकारकर्मी समूहहरुका अनुसार प्रहरीको दुर्व्यवहारबाट लागको चोटपटक निको भएर देख्न गाह्रो होस भन्ने हेतुले कहिलेकाहीँ नजरबन्दमा राखिएकाहरूलाई कानुनले तोकेको २४ घण्टा गुज्रिएको निकै पछि मात्र न्यायाधिशको सामु पेश गर्ने गरिएको छ। एएफको २०१८ को अनुमान अनुसार सन् २०१८ मा १४% बन्दीहरूलाई गिरफ्तारीको २४ घण्टाभित्र न्यायाधिशको समक्ष पेश गरिएन। यो सन्

२०१५ को आँकडा भन्दा ४१% भन्दा कम रहेको थियो। टिएचआरडिए अनुसार २४ घण्टे नियम छल्नका लागि प्रहरीले बारम्बार बन्दीलाई अदालतमा लानु अघिमात्र उसको नाम दर्ता गर्ने गरेका छन्।

**ङ. निस्पक्ष सार्वजनिक सुनुवाइबाट बञ्चित**

संविधानले स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेको भएपनि न्यायालयहरू राजनैतिक दबाब, घूसखोरी एवं डर धम्कीहरुबाट प्रभावीत छन्।

**अदालतमा मुद्दा सुनुवाई प्रक्रिया**

कानुनले निम्न हकहरू स्थापित गरेको छः कानुन व्यवसायीको सल्लाह लिने र कानुनको समान संरक्षण पाउने हक, एउटै अपराधका लागि दुई पटक सजाय भोग्न नपर्ने सुनिश्चितता, ऐन कानुन पूर्वप्रभावी रुपमा लागू नगरिने सुनिश्चितता, न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक, आफ्नो सुनुवाईमा आफू पनि उपस्थित हुन पाउने हक। यद्यपि, यी हकहरूको पालना सबै अवस्थामा गरिएको भेटिएन। प्रमाणको भार अभियुक्तमाथि हुने मानव तस्करी र लागू औषध ओसारपोसार जस्ता केही अपवादका मुद्दाहरूबाहेक दोष प्रमाणीत नभएसम्म अभियुक्तलाई निर्दोष मानिन्छ। बन्दीको कानुनी अधिवक्ताको सेवा पाउने हक अन्तर्गत उसलाई यात अदालतद्वारा नियुक्त वकिल, यात सरकारी वा निजी वकिल राख्ने अवसर उपलब्ध हुनुपर्छ। बन्दीले अनुरोध गरे पछी मात्र सरकारले वकिल उपलब्ध गराएको पाईयो। यसले गर्दा खासगरी तल्लो जातका व्यक्तिहरू र केही जनजाति समूहका सदस्यहरूले पाउनु पर्ने कानुनी प्रतिनिधित्वको अधिकारबाट बञ्चित हुनु पर्ने सम्भावना भोगिरहेका छन्। प्रतिवादीका अधिवक्ताले आफ्नो पक्षको मुद्दा तयार गर्न समयको अभाव भोग्ने गरेको बताएका छन्। सन् २०१६ मा सर्वोच्च अदालतले तल्ला अदालहरूले नेपाली नबोल्नेहरूको लागि निःशुल्क दोभाषे सेवा उपलब्ध गराउनु पर्ने निर्णय गरेपछि नेपाली नबोल्नेहरूका लागि विभिन्न भाषामा दोभाषेको सेवा उपलब्ध गराइयो। प्रतिवादी अधिवक्ताले वादी पक्षलाई केरकार गर्न पाउँन सक्छन। रिहाई लगायतका तल्ला अदालका सबै फैसलाहरूलाई लिएर पुनरावेदन गर्न मिल्ने प्रावधान छ। न्याय पाउनको लागि सर्वोच्च अदालत नै अन्तिम न्यायालय हो।

सेनामा कर्यरत सैनिकहरूको मुद्दामामिलामा सैनिक अदालतले सैनिक ऐन अन्तर्गत सनुवाई र फैसला गर्दछ र सेनाकर्मीहरूलाई सो अदालतले गैरसैनिक नागरिकलाई सरह अधिकार प्राप्त गराउँछ। सेनाकर्मीमाथि करणी र हत्याको आरोप लागेको छ भने सैनिक ऐनअन्तर्गत त्यस्ता मुद्दा र प्रतिवादीलाई निजामती अदालतमा सरुवा गराउनु पर्छ। सेनाकर्मीको संलग्नता रहेको अन्य सबै किसिममा मुद्दामामिला सैनिक ऐन र न्याय व्यवस्था अन्तर्गत सैनिक अदालतले नै हेर्ने र त्यसमा आफ्नो फैसला दिने गर्दछ। तथापि सरकार समक्ष नेपाली सेनाले सत्य निरुपण आयोग (टिआरसी) एवं बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (सिआईडीपि) लाई आफूले सहयोग गर्ने र सैनिक ऐनलाई आड नबनाउने प्रतिबद्धता जाहेर गरेको छ। कुनै अपराध सैनिक सेवासँग जोडिएको खण्डमा पनि सैनिक अदालतले गैरसैनिक नागरिकको मुद्दामामिलाको सुनुवाइ गर्न सक्दैन। यस्ता मुद्दामामिला देवानी अदालतले सम्हाल्ने गर्दछन्।

**राजनीतिक कैदी एवं बन्दीहरू**

राजनैतिक कारणले कैदमा परेको अथवा बंदिबनाई राखिएको मुद्दालाई लिएर कुनै उजुरी परेको थिएन।

**देवानी अदालती प्रक्रिया र कानुनी उपचार**

आफ्नो मानव अधिकार उल्लंघन भएको अवस्थामा व्यक्ति र संघसंस्थालाई राष्ट्रीय अदालतमा न्याय खोज्न सक्ने अधिकार प्राप्त थियो।

**घर जग्गा फिर्ता**

आन्तरिक द्वन्द्वलाई अन्त्य गर्न सबै राजनीतिक शक्तिबीच गरिएको सन् २००६ को बृहत शान्ति सम्झौताको प्रावधान अनुसार माओवादीले कब्जा गरेका केहि घरजग्गा फिर्ता गरेको भएतापनि गैरकानुनि रुपमा कब्जा गरिएका अन्य घरजग्गा र सम्पत्ति भने आफैले राखेका छन्। एसिया फाउन्डेशनका अनुसार द्वन्द्वकालमा सुरु भएका घरजग्गा सम्बन्धी धेरै मुद्दाहरू अझै समाधान भएका छैनन्, खासगरी प्रदेश १, ५ र ७ को हकमा।

**च. निजत्व, परिवार, घर वा पत्राचारमाथि मनमानीपूर्ण वा गैरकानुनी हस्तक्षेप**

कानुनले निजत्व, परिवार, घर वा पत्राचारमाथि मनमानीपूर्ण वा गैरकानुनी हस्तक्षेतप गर्न निषेध गरेको छ। सरकारद्वारा यस्ता कानुनी प्रावधान पालना नगरेको भनि कुनै उजुरी परेका थिएनन्।

सम्भावित अपराध भएको आशंकामा कानुनले प्रहरीलाई बिना वारेन्ट खानतलाशी र बरामदी गर्ने अख्तियार दिएको छ। यस्ता अवस्थामा प्रहरीले दुईजना "असल चरित्र" भएका व्यक्तिको उपस्थितिमा खानतलाशी गर्न सक्नेछन्। प्रहरी अधिकारीलाई कुनै संदिग्ध व्यक्तिका साथमा भौतिक प्रमाण छ भन्ने मनासिब शंका लागेको अवस्थामा उसले लिखितरुपमा अर्को प्रहरीलाई खानतलाशी गर्न अनुरोध गर्नुपर्छ, र त्यस प्रहरीले खानतलाशी गर्दा कम से कम असई दर्जाको अर्को एक प्रहरी अधिकृत पनि ऊसँगै उपस्थित हुनुपर्छ। केही कानुन बिषेसज्ञहरुका अनुसार वारेन्ट काट्ने प्रक्रियामा अधिवक्ता र न्यायाधिशहरूलाई समावेश नगर्दा प्रहरीको स्वेच्छाचारी शक्ति नियन्त्रण गर्ने आधार कम हुन गएको छ।

## खण्ड २. नागरिक स्वतन्त्रताको सम्मानः

**क. प्रेसलगायतका अभिव्यक्तिको स्वतन्त्रता**

संविधान र कानुनले वाक र प्रेस स्वतन्त्रता सुनिश्चित गरेका छन्, र सरकारले यी अधिकारहरूको प्रायः सम्मान गर्‍यो। यद्यपि पत्रकार, गैसस तथा राजनैतिक अभियन्ताहरूले सरकारको आलोचना गर्ने संचारकर्मी र समाचार गृहहरूलाई सरकारले घम्काउने र उनीहरूको स्वतन्त्रता कुण्ठित गर्ने गरेको बताए। पत्रकार तथा गैससहरूको अनुसार सरकारका अधिकारीको गतिविधिबारे खबर सम्प्रेषण गर्ने जस्ता संचारमाध्यमको सामान्य क्रियाकलापलाई पनि फौजदारी र निजामति ऐनले अपराधिकरण गर्ने गरेको स्थितिको कारण संचारमाध्यमहरूले आफूलाई आफैले सेन्सर गर्ने प्रवृत्ति उल्लेख्य रुपमा बढेको छ। संविधान तथा निजामती ऐनले सरकारलाई अस्पष्ट र दुर्व्यवहार निम्तिने ढंगले वाक स्वतन्त्रता कुण्ठित गर्न सहयोग पुर्‍याउँदछ भन्ने धारणा मानव अधिकारवादी वकिल र केही संचारकर्मीहरूले व्यक्त गरे। उदाहरणको लागि, संविधानले केही यस्ता परिस्थितिलाई सूचीकृत गरेको छ जसलाई आधार मानेर सरकारले वाक र प्रेस स्वतन्त्रता कुण्ठित गर्ने ऐन कानून बनाउन सक्छ। यस सूचीमा "संघीय प्रदेशबीचको सद्भाव बिथोल्ने" र विदेशी संस्था वा मुलुकबाट राष्ट्रिय सुरक्षामा आँच आउने जस्ता कार्य

पर्दछन्। संविधानले “जनस्वास्थ्य, शिष्टता, र नैतिकता” विपरित र “समाजको शन्ति सुरक्षामा खलल पुऱ्याउने” कार्यहरू निषेध गरेको छ।

अभिव्यक्तिको स्वतन्त्रता: अक्सर गरेर नागरिकहरूले आफ्नो आवाज र विचार स्वतन्त्र रुपमा व्यक्त गर्न सक्ने विश्वास गरेको र छापा र विद्युतिय मिडियामा आफ्ना आलोचनात्मक विचारहरू बिना अवरोध बराबर व्यक्त गरेको पनि पाइयो। गत फेब्रुएरी महिनामा एकजना लोकप्रिय लोकगायकले सरकारी भ्राष्टाचारप्रति व्यंग्य गर्दै गीत निकालेका थिए। सत्तारुढ नेपालि क्युनिस्ट पार्टीको युवा संस्थाबाट घम्की आएपछि गायकले सो गीत युट्यूबबाट हटाए। जुलाई महिनामा तिब्बती सरणार्थी कल्याण कार्यालय बाट तिब्बती बुद्धमार्गी समुदायले दलाई लामाको जन्मदिन सार्वजनिक रुपमा मनाउन पाउँ भनी राखेको माग सुरुमा अस्वीकार गर्दै सरकारले काठमाण्डौंस्थित तिब्बती समुदायको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न प्रयत्न गऱ्यो। आफूहरूको बाक्लो बस्ती रहेको इलाकामा तिब्बती बुद्धमार्गीहरूले निजी रुपमा कार्यक्रम गर्न खोज्दा प्रहरीले उनीहरूको उत्सवमा रोक लगाउन हतक्षेप गरेका थिए। स्वयम्भू प्रहरीसँग छलफल गरेपछि डिसेम्बर महिनाको १२ तारिखको दिन स्वयम्भूकै ढाकर गुम्बामा दलाइ लामाको ३० औं नोबेल शान्ति पुरस्कार विजय दिवस मनाउने अनुमति तिब्बती शरणार्थी कल्याण कार्यालयलाई प्राप्त भयो।

अनलाइनलगायत प्रेस र मिडियाको स्वतन्त्रता: केही अपवादबाहेक स्वतन्त्र मिडिया सक्रिय रहेको मात्र होइन, मिडियाले काफि विविध विषयमा आफ्ना दृष्टिकोण पनि बिना अवरोध व्यक्त गरेको भेटियो। कयौ सम्पादकहरु र पत्रकारहरूले प्रहरी तथा सरकारी अधिकारीहरूबाट अमूर्त किसिमका धम्की र प्रतिशोध पनि भोग्नु परिरहेको बताए, जसका कारण संचारकर्मीहरूमा आफूले आफैलाई सेन्सर गर्ने प्रवृत्ति बढीरहेको उनीहरूले बताए।

हिंसा र दुर्यवहार: नेपाल पत्रकार महासंघ (एफएनजे) ले मिडियाको सुरक्षा र स्वतन्त्रता कायम राख्नमा सरकारले पर्याप्त कोसिस नगरेको र प्रत्रकारमाथि हातपात र हमला गर्नेहरू विरुद्ध बिरलैमात्र कारबाही चलाएको बताए।

भ्रष्टाचारविरुद्ध खोज खबर प्राकाशित गरेबापत सरकारी अधिकारीबाट आफूहरू विरुद्ध अमूर्त किसिमका धम्कीहरू आउने गरेको पत्रकारहरूले वताए। जून महिनामा पिराज यादव नामका एकजना अभियन्ताले

जानकारीको हकको कानुनी प्रावधान अन्तर्गत सडक निर्माणको खर्च खुलाउन माग गरेपछि विरगञ्जका एक वडा अध्यक्षले उनीमाथि आक्रमण गरेका थिए।

सेन्सर र विषयहरूमा बन्देजः संविधानले विद्युतिय माध्यमलगायत छापा, प्रकाशन वा प्रसारण गरिने समाग्रीको पूर्व सेन्सर गर्न निषेध गरेको छ। मिडियाले के छाप्यो वा के प्रकाशित र प्रसारण गऱ्यो भन्ने आधारमा सरकारले मिडियाको अनुमतिपत्र खोस्ने, मिडिया संस्थान बन्द गर्ने, वा संचार सामाग्री बरामद गर्ने जस्ता व्यवहार पनि संविधानले निषेध गरेको छ। यद्यपि, स्वतन्त्र अभिव्यक्तिले "नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, वा प्रदेशहरूबीचको आपसी मेल, वा देशका विभिन्न जात, जाति, सम्प्रदाय र धर्मबीचको सद्भाव र सौहार्दपूर्ण सम्बन्धलाई कमजोर तुल्याउने कार्य वा प्रवृत्तिलाई प्रोत्साहन" गरेको खण्डमा त्यस्तो अभिव्यक्तिको हकमा "मनासिब प्रतिबन्ध" लगाउन मिल्ने संविधानमा उल्लेख छ। देशद्रोह, मानहानी र अदालतको अवहेलना अभिव्यक्तिलाई पनि संविधानले निषेध गरेको छ।

मिडियालाई नियन्त्रण गर्नका लागि सरकारले नियम बनाउन पाउने भनी उल्लेखित संविधानको अर्को एक प्रावधानबारे पनि मिडिया व्यवसायीहरूले चिन्ता व्यक्त गरे। उदाहरणको लागि, फौजदारी ऐनले वाक स्वतन्त्रातमाथि तोकिएका सीमाहरूलाई एकातिर अझ विस्तारित गरेको छ भने अर्कोतिर मानहानीलाई फौजदारी अपराधको रूपमा परिभाषित गरेको छ। यस्ता नियमलाई सरकारले मिडिया संस्थानहरू बन्द गराउन वा उनीहरूको अनुमतिपत्र खारेज गर्नमा प्रयोग गर्न सक्ने नेपाल पत्रकार महासंघको जिकिर रहेको छ। असत्य खबर सम्प्रेषण र प्रचार गरेको आरोपमा पनि प्रेस स्वतन्त्रतामाथि कानुनी प्रतिबन्ध लगाउन सकिने प्रावधान संविधानमा राखिएको छ। यद्यपि, मिडियाकर्मीहरूका अनुसार कुनै पनि मिडिया संस्थान विरुद्ध यो प्रावधान लागू वा प्रयोग गरिएको भने छैन।

सरकारी मिडियालगायत सबै मिडिया संस्थानहरू सरकारको नियन्त्रण बिना स्वतन्त्र रुपमा चल्न पाउने हक कानुनले दिएको भएपनि अप्रत्यक्ष राजनितिक प्रभावको कारण कहिलेकाहीँ मिडियाले आफैलाई स्व-सेन्सर गर्ने गरेका छन्।

<u>मानहानी सम्बन्धी ऐन:</u> जुन महिनामा सरकारले एकजना व्यंग्यकारले सामाजिक संजालमा कुनै एउटा चलचित्रमाथि हाँसोव्यंग्य गरेको आरोपमा उसलाई विद्युतीय कारोबार ऐन (ईटिए) अन्तर्गत मानहानीको आरोपमा जेल चलान गऱ्यो। यसको व्यापक जनविरोध भएपछि सरकारले उसलाई ९ दिनपछि जेलामुक्त गऱ्यो। उसमाथि लग्गाइएका सबै अभियोगहरू अदालतले निर्दोष ठहर गरिदियो।

**इन्टर्नेट स्वतन्त्रता**

विद्युतिय कारोबार ऐन ईटीए को प्रयोग गरेर सरकारले सामाजिक संजालमा प्रकाशित सामाग्री विरुद्ध कदम उठाएको केही घटनाहरू भएका थिए। इटीएले "सार्वजनिक नैतिकता वा मर्यादापूर्ण व्यवहार," संग बिरोधि "घृणा वा इर्ष्या सृजना गर्ने," वा "अन्तर्राष्ट्रिय सम्बन्धहरूमा नकारात्मक प्रभाव पार्ने" किसिमका सामाग्री संप्रेषण गर्ने वेबसाइटहरूमाथि प्रतिबन्ध लगाउ छ। सन् २०१७ मा सरकारले अनलाइन मिडिया संचालन निर्देशिकालाई संशोधन गर्दै मुलुकभित्रका सबै अनलाइन समाचार तथा विचार संप्रेषण गर्ने वेबसाइटहरू अनिवार्यरूपमा दर्ता गरिनुपर्ने नियम अघि सान्यो। यस निर्देशिकाले सरकारलाई "आधिकारिक स्रोत नदेखाउने," "भ्रम सिर्जना गर्ने," वा "अन्तर्राष्ट्रिय सम्बन्धहरूमा नकारात्मक प्रभाव पार्ने" किसिमका सामाग्री सम्प्रेषण गर्ने वेबसाइटहरूमाथि प्रतिबन्ध लगाउन थप अधिकार प्रदान गरेको छ। देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, वा सामाजिक सद्भावमा आँच पुऱ्याउने खालका सामाग्रीको सम्प्रेषण अवरुद्ध गर्न पनि सरकारको अधिकार भित्रै पर्दछ। सरकारले अनलाईनमा बिद्रोह, मानहानी, अदातलको अवहेलना, अश्लिल र अनैतिक सामाग्रीको प्रवाह अवरुद्ध गर्न सक्छ। यस नयाँ प्रावधानले अनलाइन साइट र व्यवसायहरूको लागि दर्ता, अनुमतिपत्र नवीकरण, र विषयवस्तु निर्माण जस्ता कुरा जटिल बनाइदिएको छ, उदाहरणको लागि वेबसाइटको भ्याट कर वा स्थायि कर खाता नंम्बरको कागजात देखाउन आवश्यक बनाएर। अनुमतिपत्र नवीकरण गर्नका लागि आइन्दा अनलाईन व्यवसायहरूले अध्यावधिक मानव संसाधन र वार्षिक कर्मचारी तलबको बहिखाता देखाउनु पर्ने हुन्छ। नेपाल पत्रकार महासंघले निर्देशिकाको भाषा अस्पष्ट रहेको र त्यसले सरकालाई अनलाईन सामाग्री सेन्सर गर्न सक्ने अधिकार प्रदान गरेको बताएको छ। मानव अधिकार तथा प्रेस स्वतन्त्रावादी गैसस स्वतन्त्रता फोरमले अदालतमा प्राय ईटिए सँग सम्बन्धित १०० बढी मुद्दाहरू दर्ता भएको जनाएको छ।

अप्रिल महिनामा एकजना व्यापारीले वित्तीय जालसाजी गरेको भनिएको मुद्दाको बारेमा लेख प्रकाशित गरेपछि अनलाइन पत्रकार अर्जुन गिरीलाई छोटो समय जेल चलान गरिएको थियो। अगस्त महिनामा उनलाई औपचारिक रुपमा दोषमुक्त गरिएको थियो।

**प्राज्ञिक स्वतन्त्रा र सांस्कृति कार्यक्रम**

कानुनले सांस्कृतिक समारोहहरू मनाउने हक प्रदन गरेको छ। सामान्यतया प्राज्ञिक स्वतन्त्रताको प्रयोग र संस्कृतिक कार्यक्रमहरू संचालन गर्नमाथि सरकारले कुनै बन्देज नलगाउने भएपनि तिब्बती समुदायको हकमा भने यस्ता हक सीमित गरिएको छ (हेर्नुस खण्ड २.ख.)।

**ख. शान्तिपूर्ण भेला र संगठन गर्ने स्वतन्त्रता**

कानुनले शान्तिपूर्ण भेला र संगठन गर्ने स्वतन्त्रता प्रदान गरेको छ; यद्यपि, सरकारले कहिलेकाहीँ संगठन गर्ने स्वतन्त्रता कुण्ठित गर्ने गरेको छ।

**शान्तिपूर्ण भेलाको स्वतन्त्रता**

नागरिक तथा वैधानिकरुपमा नेपालमा बसोबास गर्नेहरूको शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रतालाई प्रायः सम्मान गरियो तर केही अवरोधहरू भने कायम रहे। ठूला सार्वाजनिक भेलाहरू गर्नका लागि सरकारको अनुमति आवश्याक हुन्छ। तिब्बती समुदायलाई तिब्बती नयाँ वर्ष र दलाई लामाको जन्मदिन जस्ता उनीहरूका महत्वपूर्ण सांस्कृतिक चाडपर्व मनाउनबाट रोक्नका लागि सरकारले विभिन्न प्रयासहरू जारी राख्यो। आन्दोलन र प्रदर्शनकारीहरूले शान्ति सुरक्षामा खलल पुर्‍याउने स्थितिमा कानुनले प्रमुख जिल्ला अधिकारीहरुलाई कर्फ्यू घोषणा गर्ने अख्तियार प्रदान गरेको छ।

जुन महिनामा सरकारले देशका गुठीहरूलाई राष्ट्रियकरण गर्ने बिधेयक प्रस्ताव गरेपछि काठमाण्डौंमा त्यसको विरुद्ध विशाल जुलुस प्रदर्शनी भए जसका कारण सरकारले सो प्रस्ताव फिर्ता लिनु पर्‍यो (गुठीहरू समुदायिक स्तरमा संचालित भू-सम्पत्ति व्यवस्थापन गर्ने संस्थाहरू हुन)। सम्भवत सन् २००६-२००७ को राजतन्त्र विरुद्ध आन्दोलन पछिको यो सबभन्दा ठूलो जुलुस प्रदर्शनी थियो । जुलुस प्रदर्शनीमा कुनै पनि हिंसात्मक घटना नघटेको र प्रहरीले सम्यमता अपनाएको जानकारीमा आयो।

**संगठन गर्ने स्वतन्त्रता**

कानुनले संगठन गर्ने स्वतन्त्रता प्रदान गरेको छ र सरकारले प्रायः यसको सम्मान पनि गर्ने गरेको छ। यद्यपि विद्यमान कानुनी संरचनाले नागरिक समाजको स्वतन्त्रतालाई पूर्णरुपमा स्वीकार गर्दैन र सरकारद्वारा अनावश्यक नियन्त्रण र हस्तक्षेप गर्नका लागि यसले वातावरण बनाउँछ भन्ने केही गैरसरकारी संस्थाहरको धारण रहेको छ। गैससहरूको अनुसार नागरिक समाजका संघसंस्थाहरू (सिएसओज) को दर्ता प्रक्रिया साँघुरो र झन्झटिलो हुनुका साथै सो प्रणालीमा दर्ता अस्वीकार गर्न सरकारलाई बढी शक्ति दिइएको छ। त्यति मात्र नभई दर्ता प्रक्रिया र मापदण्ड पनि सरकारी दर्ता निकायपिच्छे फरक हुने र कुनै निकायले त हचुवाको भरमा विद्यमान कानुनले माग्दै नमागेको कागजात हेर्न माग गर्ने गैससहरूले बताए। त्यसैगरी, संगठन दर्ता ऐनले सरकारलाई संगठनहरू निर्देशित गर्ने अधिकार सहित सरकारी निर्देशन पालना नगरेको खण्डमा संगठननै खारेज गर्ने अख्तियार प्रदान गरेको छ। वैदेशिक अथवा सरकारी आर्थिक सहयोग पाउनका लागि सिएसओहरूले तिनको अनुगमन गर्ने निकाय समाज कल्याण परिषद (एसडब्लूसी) बाट थप एवं छुट्टै स्वीकृति लिनुपर्ने हुन्छ। सिएसओहरूले आफ्नो बजेटको कम्तीमा ८०% भाग भौतिक सामाग्री वा विकासे खर्चमा लगाउनुपर्ने भन्ने प्रावधानद्वारा एसडब्लूसीले सामाजिक मुद्दाको वकालत गर्ने सिएसओलाई अनावश्यक रुपमा सीमित गरिरहेको छ।

**ग. धार्मिक स्वतन्त्रता**

*https://www.state.gov/religiousfreedomreport/* मा गएर अमेरिकी विदेश मन्त्रालयको *अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदन* हेर्नुस्।

**घ. आवजावत गर्ने स्वतन्त्रता**

कानुनले नागरिकलाई स्वतन्त्ररुपमा आन्तरिक आवतजावत, वैदेशिक यात्रा, प्रवास लगायत स्वदेश फिर्ती अधिकार प्रदान गरेको भएपनि शरणार्थीको हकमा यस्ता अधिकार सीमित गरिएको अवस्था थियो। शरणार्थीको आवतजावत गर्ने अधिकार विभिन्न रुपमा सीमित गरिएको थियो। तल उल्लेख गरिएका केही अपवादबाहेक शरणार्थी र शरण माग्नेहरूलाई सुरक्षा र सहयोग उपलब्ध गराउने मामिलामा सरकारले संयुक्त राष्ट्र संघ शरणार्थी उच्च अयोग (यूएनऐचसिआर) सँग सहकार्य गऱ्यो।

<u>देशभित्र आवतजावत:</u> तिब्बती शरणार्थीहरूलाई सरकारले व्यक्तिगत परिचयपत्र २० वर्षदेखि उपलब्ध गराएको छैन जसको कारण यस समूहका अधिकांस शरणार्थीहरू सीमा र नाकाहरूको चेकजाँचमा

प्रहरीले कागजातको माग गर्दा आवश्यक परिचयपत्र देखाउन सक्ने स्थितिमा हुँदैनन्। केही शरणार्थीहरूले प्रहरीबाट आफूमाथि दुर्व्यवहार गरिएको र नाकाहरूबाट फिर्ता पठाइएको बताए।

विदेश भ्रमण: महिलाहरूलाई दुर्व्यवहार र मानव तस्करीबाट जोगाउने प्रयासस्वरुप सरकारले वैदेशिक रोजगारीमा जानका लागि महिलाहरू न्यूनतम २४ वर्ष पुगेको हुनुपर्ने नियम लागू गर्दै आएको छ। गैसस र मानव अधिकारकर्मीहरूले यस प्रकार को प्रतिबन्ध विभेदकारी मात्र नभइ प्रत्युत्पादक समेत भएको जिकिर गरेका छन्, किनकी यसले कतिपय महिलालाई अनौपचारिक माध्यम प्रयोग गरेर भारतीय सीमा पार गरी विदेसिन बाध्य तुल्याउने गर्दछ जसबाट ती महिलाहरू शोषणमा पर्ने जोखिम झनै बढ्न जान्छ।

**ङ. आन्तरिकरुपमा विस्थापित व्यक्तिहरू**

सन् २०१५ को महाभूकम्प र त्यसपछाडि आएको प्रतिकम्पनहरूले दसौं लाख मानिसलाई विस्थापित गरायो। आन्तरिक विस्तापित अनुगमन केन्द्रका अनुसार प्राकृतिक प्रकोपका कारण सन् २०१८ मा १२,००० व्यक्ति विस्तापित भएका थिए।

भूकम्प जाँदाताका आफूले बसोवास गरेको जग्गाको कागजात नभएको र गैरकानुनी रुपमा बसोवास गर्दै आएकोले आन्तरिक रुपमा बिस्थापित मानिसहरु हाल अस्थायी शिविरमा बस्न बाध्य भएका छन्। अन्य केही चाहीँ आफ्नो मूलघर असुरक्षित भएको वा पहिरोले लगेको वा पहिरोको जोखिममा रहेको कारणले शिविरहरूमा बस्दै आएका थिए। सरकारले उनीहरूलाई सुरक्षित र स्वेच्छिक रूपमा आफ्नो घर फर्कन सहयोग गऱ्यो र त्यस अनुकुल नीतिहरू पनि जारी गऱ्यो।

सरकार र माओवादी दलबीच द्वन्द्वकालिन बेलाका विस्थापितहरू १० वर्षे द्वन्द्व पश्चात स्वेच्छिक, सुरक्षित र सम्मानजनक वातावरणमा आ-आफ्नो घर फर्कन पउनुपर्ने सम्झौता गरिएको भएतापनि यसको पूर्ण कार्यान्वयन भएको छैन। सन १९९६ र २००६ को बीचमा ७८,७०० व्यक्ति विस्थापित भएको शान्ति र पुनर्निर्माण मन्त्रालयले अनुमान गरेको हो। तर अन्दाजी ५० हजार मानिसहरु घर फर्किन नचाहने वा नसक्ने स्थितिमा थिए। यसो हुनको पछाडि निम्न कारण देखिएका थिए: घरजग्गा वा समपत्तिको अनिर्णित मुद्दामामिला, नागरिकता प्रमाणपत्र वा स्वामित्व देखाउने कागजातको अभाव, र द्वन्द्वकालमा माओवादीले कब्जा गरेको घरजग्गा बिक्री भइसकेको वा भूमिहीनलाई वितरण गरिसकेको हुनाले जग्गाधनीहरू आफ्नै सुरक्षाको बारेमा ढुक्क हुन नसकेको अवस्था।

द्वन्द्वकालमा विस्थापित भएकाहरूको पुनस्थापना र स्वेच्छिक घर फिर्तीका लागि सरकारले राहत रकमको प्रबन्ध गरेको थियो। विस्थापित मद्धेका कतिपयले हाल बसोबास गरिरहेकै नगर ईलाकामा नयाँ घरजम गर्ने निर्णय पनि गरे, धेरैजसो नदी किनारका सरकारी जग्गामा त्यहाँ बस्ने अन्य भूमिहीन जस्तै गैरकानुनी सुकुम्वासी भएर बसे। सार्वजनिक सेवा सुविधाको कमी र जिविकोपार्जनका अवसर पाउने विषयमा सहयोगको अभावका कारण पनि आन्तरिक विस्थापितहरूको घर फिर्तीमा अवरोध पुग्न गएको थियो।

**च. शरणार्थीहरूको संरक्षण**

आश्रयको पहुँचः एकातिर शरणार्थी वा आश्रय माग गर्नेहरूको अनुरोधलाई एक एक गरि मूल्यांकन गर्ने कानुनी प्रावधान र अर्कोतिर शरणार्थीहरूको संरक्षणमा आवश्यक पर्ने बृहत कानुनी संरचना दुवै कुरामा अभाव रहेको छ। सरकारले तिब्बतीहरूको ठूलो संख्यालाई शरणार्थीको हैसियत प्रदान गर्दै केही भुटानी नागरिकता भएको दाबी गर्नेहरूलाई विदेशमा पुनःस्थापना हुन पनि सहयोग गऱ्यो। सन् १९९० भन्दा पछि आएका तिब्बतीलाई सरकारले शरणार्थीको मान्यता दिँदैन। त्यसपछि आएका अधिकांश तिब्बती शरणार्थीहरू भारत प्रवेश गरे पनि अनिश्चित संख्या नेपालमै बस्दै आएका छन्। सन् १९९५ देखि सरकारले तिब्बती शरणार्थीलाई परिचयपत्र जारी गरको छैन। यूएनएचसिआरको अनुमानमा नेपालमा बस्ने १२,००० शरणार्थीहरु मद्धे तीन चौथाईसँग वैधानिक कागजपत्र छैन र यस मद्धे सन् १९९५ पछि जन्मिएका अथवा त्यसबेला १६ वर्ष मुनी रहेका सबै युवाहरू समेत पर्दछन्। यूएनएचसीआरको अनुसार पाकिस्तान, बर्मा, अफगानिस्तान, श्रीलंका, सोमालिया, इरान, इराक र डेमोक्राटिक रिपब्लिक अफ कंगोलगायतका देशहरूका ६३९ शरणार्थी तथा ४९ आश्रयार्थिहरू नेपालमा बस्दै एका छन्। यूएनएचसीआरले उनीहरूलाई शरणार्थी भनेर माने पनि यस्ता समुदायलाई शरणार्थीको मान्यता नदिने सरकारको प्रचलनले निरन्तरता पाएको छ।

आवतजावतको स्वतन्त्रताः पूर्वी नेपालमा रहेका बाँकी दुई शिविरमा बस्ने र भुटानी नागरिकता भएको दाबी गर्ने लगभग ६,५०० शरणार्थीको आवतजावत स्वतन्त्रतालाई सरकारले औपचारीक रुपमा सीमित गरे तापनि व्यवहारमा भने सो नीतिको कार्यान्वयन प्रायजसो गरिएन। सन् २००८ मा चीनले सीमानामा सुरक्षा कडा गरेर तिब्बती समुदायको आन्तरिक आवतजावत स्वतन्त्रता सीमित गरेपछि नेपाल हुँदै अन्य मुलुक जाने तिब्बतीहरूको संख्या ह्वात्तै घटेको छ। यूएनएचसिआरले सन् २०१७ र २०१८ मा क्रमश ५३ जना र ४५ जना र गत वर्षको सेप्टेम्बरसम्ममा १० जना तिब्बतीले नेपाल प्रवेश गरेर विदेसिएको बताएको

छ। विगतमा सरकारले नेपाल भएर भारततर्फ जाने क्रममा रहेका तिब्बतीलाई यूएनएचसिआर सँग मिलेर बनाएको निकासाज्ञा जारी गर्नेगरको भएतापनि हाल त्यसलाई निरन्तरता दिईएको छैन।

विदेश भ्रमण गर्का लागि शरणार्थीको हैसियत प्राप्त नेपालमा बसोवास गर्ने तिब्बतीहरूले आवश्यक यात्रा कागजातको लागि निवेदन दिन मिल्ने भएपनि व्यवहारमा यो प्रक्रिया जटिल, महँगो र अपारदर्शी हुने गऱ्यो। यद्यपि यस प्रकृयाबाट प्राप्त यात्रा अनुमतिपत्र सामान्यतः एक वर्ष र मात्र एक भ्रमणका लागि मान्य हुने गर्छन्। सन् २०१६ मा सरकारले एक पटक विगतमा यात्रा अनुमति प्राप्त गरिसकेका तिब्बती शरणार्थीको हकमा प्रहरी रिपोर्टद्वारा शरणार्थी प्रमाणीकरण दोहोऱ्याउन नपर्ने भनेर निर्णय गर्ने आधिकार प्रमूख जिल्ला अधिकारीलाई सुम्पियो। यूएनएचसिआरले शरणार्थीको मान्यता दिँदा दिँदै पनि सरकारले शरणार्थी नमानेको व्यक्तिहरूबाट दिनको ५ डरलको दरले जरिमाना असुल्नुका साथै निकासाज्ञा पाउनका लागि ५०,००० रुपियाँसम्म (लगभग $ ५००) जरिमाना तिराउन सक्ने नीति अपनायो। नेपाल सरकार अन्तर्गत दर्ता भएका र आफ्नै देश फर्कने अथवा कुनै विदेशी मुलुकमा पुनर्वास हुने क्रममा रहेका शरणार्थीलाई जरिमाना नतिरिकनै निकासाज्ञा दिने नेपाल सरकारको नीति कायम रह्यो।

आधारभूत सेवा सुविधामा पहुँचः नेपालमा बस्ने अधिकांश तिब्बती शरणार्थी र खासगरी सन् १९९० पछि आउने वा सन् १९९५ पछि १६ वर्ष पुगेकाहरू काजपत्रबिहीन थिए भने उनीहरूका नेपालमा जन्मिएका सन्तानको पनि अवस्था केही फरक थिएन। औपचारिक रुपमा शरणार्थीको हैसियत प्राप्त हुनेहरूलाई पनि देशमा बस्न पाउनु बाहेकका अरु कुनै वैधानिक अधिकार उपलब्ध थिएनन। वैधानिक रुपमा नेपालमा बसोबास गरिरहेका तिब्बतीका सन्तानको पनि कुनै औपचारिक कागजपत्र थिएन। सरकारले गैससहरूलाई नेपालवासी तिब्बती बालबालिकाको लागि प्राथमिक र माध्यमिक शिक्षा उपलब्ध गराउने स्वीकृति दिएको छ। तिब्बती शरणार्थीहरूलाई निजी वा सार्वजनिक उच्च शिक्षामा सामेल गराउने कुनै व्यवस्था थिएन र उनीहरू औपचारिक रुपमा काम गर्ने अधिकारबाट बञ्चित थिए। उनीहरू कानुनी रुपमा व्यवसाय खोल्न र सवारी साधन चालाउनका लागि अनुमतिपत्र लिन सक्दैनन्, र बैंक खाता खोल्ने, सम्पत्ति आर्जन गर्ने, जन्म, विवाह, र मृत्यु अभिलेख गराउनेजस्ता हकबाट पनि बञ्चित छन्। तिब्बती समुदायका केही सदस्यले यस्ता सेवा र सुविधा पाउनका लागि घुस खुवाउनु परेको बताए।

शरणार्थीलाई लक्षित गर्दै सरकारले यूएनएचसिआरलाई केही शिक्षा, स्वास्थ्य र जिविकोपार्जनका सेवा सुविधा संचालन गर्ने अनुमति दिए पनि सार्वजनिक शिक्षामा पहुँच र रोजगारी गर्ने अधिकार भने शरणार्थीहरूलाई उपलब्ध थिएन।

<u>दिगो समाधान:</u> सरकारले दिगो समाधानको रूपमा शरणार्थीहरूलाई स्थानीय नेपाली समुदायमै घुलमिल र समायोजन गराउने नीति अपनाएको छैन। भुटानी नागरिकता भएको अथवा भुटानवासी भएको दाबि गर्ने करिब ६,५०० शरणार्थीहरूलाई सरकारले रोजगारीलगायत सार्वाजानिक शिक्षा र स्वास्थ्यमा पहुँच दिएको छैन। यद्यपि विगतमा सरकारले यूएनएचसिआरलाई शिविरवासीहरूको निमित्त समानान्तर निःशुल्क शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउने स्वीकृति भने दिएको अवस्था थियो। गत वर्षमा स्थानीय सरकारी अधिकारीहरूले भुटानी शरणार्थी बालबालिकाहरूलाई तदर्थ रुपमा समुदायिक विद्यालयमा पहुँच दिलाएका थिए। सरकारले यी शरणार्थीलाई रोजगारी गर्ने र जनस्वास्थ्य क्लिनिकहरू प्रयोग गर्ने इजाजत नदिएको भएपनि सन् २००७ देखि सरकारले ११३,००० शरणार्थीहरूलाई तेस्रो मुलुकमा पुनर्वास गराउन स्वीकृति दिएको छ।

**छ. राज्यबिहीन व्यक्तिहरू**

अनुमानित ६० लाख जनसंख्याको नागरिकतापत्र नभएपनि स्थानीय कानुन अनुसार उनीहरू नागरिकताको लागि योग्य रहेका छन्। १६ वर्षको उमेरमा नागरिकता प्रमाणपत्र जारी गरिन्छ र मतदाता दर्ता, विवाह र जन्म दर्ता, घर जग्गा खरिद बिक्री, व्यवसायिक परिक्षा दिने, बैंक खाता खोल्ने, कर्जा लिने र राज्यबाट सामाजिक सुविधा पाउने जस्ता कार्यमा नागरिकता प्रमाणपत्र अनिवार्य रुपमा देखाउनु पर्ने हुन्छ।

संबैधानिक नागरिकता सम्बन्धित प्रावधान, ऐन र नियमनहरूद्वारा लैंङगिक भेदभाव गरिने भएकोले राज्यबिहीनताको समस्या झनै चर्किएको अवस्था थियो।

राज्यविहिन व्यक्तिहरूले रोजगारी, शिक्षा, आवास, अड्डाअदालतमा पहुँच, स्वास्थ्य सेवा, न्यायिक प्राक्रिया, बसाइसराइको अवसर, घरजग्गाको स्वामित्व, भूकम्प राहत र पुनर्निर्माण कार्यक्रम लगायातका क्षेत्रमा विभेदको सामना गर्नु परिरहेको स्थिति थियो।

**खण्ड ३. राजनैतिक प्रणालीमा सहभागी हुने स्वतन्त्रता**

कानुनले नागरिकहरूलाई स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचन र गोप्य मतदानको माध्यमद्वारा बृहत र समान बालिग मताधिकारको प्रयोग गरेर आफ्नो सरकार रोज्ने हैसियत प्रदान गरेको छ।

**निर्वाचन र राजनैतिक सहभागिता**

पछिल्ला निर्वाचनहरुः सरकारले सन् २०१७ मा पाँच चरणमा एकातिर संघिय र प्रादेशिक संसद र अर्कोतिर स्थानिय निकायहरूको निर्वाचन सम्पन्न गरायो। अन्तर्राष्ट्रिय चुनाव पर्यवेक्षकहरूका अनुसार संसदीय तथा प्रदेश सभाको निर्वाचनहरुमा केही हिंसात्मक घटनाहरू घटनुकासाथै पारदर्शीता र मतदाता शिक्षाको अभावजस्ता चुनौतीहरू देखिए जसबाट चुनावी प्रक्रिया प्राभावित हुन पुग्यो। यी चुनौतीहरूका बावजूद सरकारले निर्वाचनलाई उचित ढंगले सम्पन्न गरायो। देशभित्रका चुनाव पर्यवेक्षकहरूका अनुसार निर्वाचन स्वतन्त्र, निष्पक्ष तथा शान्तिपूर्ण रहनुका साथै र चुनावमा मतदाता सभागिता पनि उच्च रहेको थियो। यद्यपि, प्रहरीको गोलीबाट तीनजनाको मृत्यु भएको र विभिन्न पार्टी कार्यकर्ताबीच छिटफुट झडप, आक्रमण, साना घरेलु बम विस्फोटन र बम धम्कीका समाचारका रिपोर्ट बाहिर आएका थिए।

महिला र अल्पसंख्यकहरूको सहभागिताः निर्वाचनमा महिला र अल्पसंख्यकहरूको सहभागिता प्रत्यक्ष रुपमा सीमित गर्ने खालका कुनै पनि ऐन कानुन छैनन्। स्थानीय, प्रदेशिक, र राष्ट्रिय चुनावहरूमा महिला एवं अल्पसंख्यकहरू सहभागि रहे। संविधानले राज्यका सबै निकायमा महिला समावेशिता अनिवार्य बनाएको मात्र छैन, संधीय तथा प्रादेशिक संसदको तल्लो सदनमा एक तीहाई सदस्य महिला हुनुपर्ने भनि निर्देशित पनि गरेको छ । यद्यपि एलजिबिटी अभियन्ताहरूले यस्ता प्रावधानले आफ्नो समुदायको उमेदवारहरूलाई निर्वाचनमा उमेदवार हुनबाट बञ्चित गर्ने वताए।

## खण्ड ४. भ्रष्टाचार र सरकामा पारदर्शिताको अभाव

सरकारी अधिकारीहरू गरेको भ्रष्टाचारलाई अपराधको रुपमा दण्डीत गर्ने कानुनी प्रावधान छ। यद्यपि सरकारले यस कानुनी प्रावधानलाई प्रभावकारी ढंगबाट लागूभने गरेन। यस वर्ष पनि कर्मचारीहरूले कहिलेकाँही कानुनभन्दा माथि रहेर भ्राष्टाचार गरेको र सरकारी स्तरमा पनि भरष्टाचार निरन्तर रहेको उजुरीहरू परेका थिए।

भ्रष्टाचारः फेब्रुएरी महिनामा भ्रष्टाचारविरुद्ध देशकै प्रमुख संस्था अख्तियार दुरुपयोग अनुसन्धान निवारण आयोग (सिआईएए) का आयुक्त राज नारायण पाठकले आयोगमा विचाराधीन एक सार्वजनिक शैक्षिक संस्थाको निजीकरणको मुद्दमा प्रत्यक्ष घुस लिँदै गरेको भिडियो सार्वजनिक भएपछि उनले पदबाट राजीनामा गरे। पाठकको रानीजनामा पछि महान्याधिवक्ताको कार्यालयले सिआइएएलाई पूर्व-आयुक्तमाथि अनुसन्धान चलाउन सल्लाह दिए। गत मार्च महिनामा सिआईएएले पाठकविरुद्ध

भ्रष्टाचारको मुद्दा दायर गऱ्यो। सिआईएएले भ्रष्टाचार नियन्त्रण ऐनको दफा ३(१) अन्तर्गत पाठकलाई जरिमाना र दण्डित गर्न अगाडि बढेको छ। हाल विशेष अदालतमा सो मुद्दा विचाराधीन छ।

सन् २०१८ मा सिआईएएले आफ्नो अनुसन्धानको दायरा फराकिलो बनाउँदै एक सिभिल इन्जिनियरिङ् प्रयोगशालाको पनि बन्दोबस्त गऱ्यो। विकास पुर्वाधार निर्माणमा प्रयोग गरिने सामाग्रीलाई लिएर काफि मात्रामा भ्रष्टाचार हुने गरेकोले त्यस्ता समाग्रीको गुणस्तर परिक्षण गर्नमा प्रयोशाला सक्रिय बनाइने छ। गत वर्ष सिआइएएले ९७ वटा छड्के कारबाहीहरू संचालन गर्दै १५४ जना निजामति कर्मचारीलाई पक्राउ गऱ्यो जसमद्धे एकजना उच्च सरकारी अधिकारी पनि परेका छन्।

विगतका वर्षहरूमा जस्तै गत वर्ष पनि राजनीतिक दलहरूसँग आबद्ध विद्यार्थी र मजदूर संगठनले विद्यालय र व्यवसायीहरूबाट चंदाको माग र संकलन गरे। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा पनि भ्रष्टाचार र दण्डहिनता आम समस्याको रुपमा देखा परे।

<u>सम्पत्ति विवरण:</u> सरकारी अधिकारीहरूले आफ्नो सम्पत्तिको विवरण सार्वजनिक गर्नुपर्ने नियम छ र अधिकांश सरकारी कर्मचारीहरूले यस कानुनी आवश्यक्तालाई पुरा गरेको भेटियो। राष्ट्रिय जागरुकता केन्द्रले सम्पत्ति विवरणको प्रावधान पालना भए नभएको निगरानी गर्ने जिम्मेवारी पाएको भए तापनि उसले यस्ता विवरणलाई केलाएर हेर्ने र आफ्ना निष्कर्षहरू सार्वजनिक गर्ने गरेको छैन।

## खण्ड ५. मानव अधिकार उल्लंघन सम्बन्धी अन्तर्राष्ट्रिय एवं गैरसरकारी संस्थाबाट भएका अनुसन्धानबारे सरकारको मनोधारणा

अन्तर्राष्ट्रिय एवं गैरसरकारी संस्थाहरूले स्वतन्त्र रुपमा आफ्नो सामान्य कार्यक्रम र अनुसन्धान संचालन गर्न र निष्कर्षहरू प्रकाशित गर्न पाएपनि सरकारले केही अन्तर्राष्ट्रिय गैससको हकमा प्रवेशाज्ञा पाउने प्रक्रियालाई जटिल बनाउँदै सम्पत्ति विवरण कागजातमा हस्ताक्षर समेत गर्न बाध्य तुल्याएर उनीहरूको प्रशासनिक भार बढाउने काम गऱ्यो। खासगरी धार्मिक उद्देश्य बोकेका केही गैससहरूले स्थानीय तहमा शक्ति विकेन्द्रिकरण भएपछी बढी प्रसासनिक नियन्त्रण व्यहोर्नु परेको बताए।

सरकारी मानव अधिकार निकायहरू:

राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) ले उल्लंघनाका घटनाहरूको अनुसन्धान गरे पनि अपर्याप्त स्रोत साधन र जनशक्ति (गत सेप्टम्बर महिनासम्म ३०९ वटा पदमा ९५ वटा पद रिक्त थिए जुन संख्या सन् २०१६ को अगस्त महिनामा २३२ थियो) एवं सीमित कार्य आधिकारका कारण केही अधिकारकर्मीले यस आयोगलाई निष्प्रभावी र पूर्ण स्वतन्त्रता नभएको भन्ने नजरले हेर्न थाले। एनएचआरसीले सरकारले आयोगको सुझाव पूर्ण रुपले लागू गर्न नसक्नुले दण्डहीनतालाई प्रश्रय मिलेको दाबी गऱ्यो। सन् २००० मा स्थापना भएदेखि गत वर्षसम्म एनएचआरसीले लगातार रुपमा ९९५ वटा (गत सेप्टेम्बर महिनासम्म) मुद्दमा कारबाही र क्षतिपूर्ती हुनुपर्ने भनेर सुझाव दिँदै आएको बतायो। यसमध्य तीन चौथाई घटना द्वन्द्वकालसँग जोडिएका थिए।

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी दुवै संस्थामा आ-आफ्नो मानव अधिकार शाखा रहेका छन् भने नेपाली सेनाको आफ्नै मानव अधिकार निर्देशनालय रहेको छ। मानव अधीकार गैससहरूका अनुसार नेपाली सेनाद्वारा गरिएका अनुसन्धानहरूमा आवश्यक पारदर्शिताको अभाव थियो।

सरकारले नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी र माओवादी दलद्वारा द्वन्द्वकालमा भएका मानव अधिकार र मानवताविरोधि उल्लंघनहरूलाई उल्लेख्य रुपमा सम्बोधन गरेको छैन।

मुलुकका दुई संक्रमणकालिन न्याय संयन्त्र सिआइईडिपी तथा टिआरसीलाई परिचालन गर्नमा र पूर्ण स्वतन्त्रता प्रदान गर्नमा निकै नै ढीला सुस्ती भएको छ। मानव अधिकारका जानकारहरूले न टिआरसीले न त सिआइईडिपीले नै अनुसन्धानकार्यमा उल्लेख्य प्रगति गर्न सकेको बताउँदै आएका छन्। अप्रिल महिनामा सिआइईडिपी तथा टिआरसीका आयुक्तहरूको कार्यकाल समाप्त हुँदासम्म उनीहरूले आफ्ना कार्यादेश सम्पन्न गरि नसकेकोले उनीहरूको ठाउँमा नयाँ आयुक्तहरू नियुक्त गरियो।

स्थानीय मानव अधिकार अभियन्ताहरुले केही कानुनी कमी कम्जोरीले गर्दा मुलुकमा बृहत र विश्वासनिय संक्रमणकालिन न्याय प्रक्रिया अवरुद्ध भएको बताउँछन्। उदाहरणको लागि यातना र बलजफती बेपत्ता पार्नुलाई कानुनले पूर्वप्रभावी तवरले अपराध मानेको छैन भने बलात्कार वा करणीको उजुरी गर्ने म्याद पनि कानुनले जम्मा १८० दिन तोकेको छ।

त्यसको अतिरिक्त मुलुकले हस्ताक्षर गरेका संधीहरूलाई संविधानले कानुन माने तापनि कानुनमा युद्ध वा मानवता विरोधी अपराधलाई खास मान्यता दिइएको छैन। संसदले सर्वोच्च अदालतका निर्णयहरू कार्यान्वयन गर्न नसकेको विभिन्न घटनाहरूका बारेमा पनि आलोचनाहरू हुने गरेका छन्। उदाहरणको लागि सन् २०१५ को एक फैसलामा अदालतले यी आयोहरूलाई गम्भीर अपराधहरू माफ गर्न सक्ने अधिकार दिने टिआरसी र सिआइईडीपी ऐनका प्रावधानहरूलाई अमान्य घोषित गर्‍यो किनकी तिनले तत्कालिन अन्तरिम संविधान र अन्तर्राष्ट्रिय दायित्वहरूको अबज्ञा गर्ने देखियो। सेप्टेम्बर महिनासम्म संसदले त्यस ऐनलाई सर्वोच्च अदालतको निर्णय अनुसार परिमार्जित गरेको थिएन यद्यपि आयोगहरू आफैले भने अदालतको निर्णय पालना गर्ने बताएका छन्।

## खण्ड ६. विभेद, समाजिक दुर्व्यवहार, र मानव तस्करी

### महिला

बलात्कार र घरेलु हिंसा: वैवाहिक बलात्कारसहित कानुनले बलात्कारलाई गैरकानुनि ठहर गरेको छ र पीडितको उमेर हेरेर बलात्कारको अपराधलाई ५ देखि १५ वर्षको जेल सजाय दिने प्रावधान छ। सामूहिक बलात्कार, गर्भवती महिलाको बलात्कार वा अपाङ्गता भएको महिलाको बलात्कारको अपराधमा थप ५ वर्ष कैद दिईने कानुनी प्रावधान रहेको छ। पीडितले पाउने क्षतपूर्ती उसले भोग्नु परेको शारीरिक तथा मानसिक पीडामा निर्भर हुने गरेको छ।

उजुरी भएका बलात्कारका घटनाहारुमा प्रहरी र न्यायालयहरूले प्राय: चासो र प्रतिक्रिया जनाउने गरेका छन्। यद्यपि समाजमा उच्च चर्चा पाएका केही घटनाहरूले बलात्कारका शिकारहरूलाई उचित न्याय दिलाउन सरकार असफल रहेको तथ्यमा प्रकाश पारेका छन्। सन् २०१८ को जुलाई महिनामा कञ्चनपूरको भिमदत्त नरपालिकामा १३ वर्षीया निर्मला पन्तको बलात्कार र हत्या भयो। यस घटनलाई लिएर प्रहरीको प्रतिकृया र कारबाहीमाथि सरकारको छानबिन टोलीले गरेको समिक्षाले प्रहरी अनुसन्धानकर्ताद्वारा मुख्य सबुत प्रमाण नै नष्ट गरिएको जस्ता गम्भीर लापरवाही पत्ता लगाएको थियो। काठमाण्डौं बाहिरका मानव अधिकारकर्मीहरूले प्रहरीले धेरै पटक लैङ्गिक हिंसाका अपराध र कहिलेकाहीँ बलात्कार पनि दर्ता गर्न अस्वीकार गर्ने गरेको बताए। अधिकारकर्मीका अनुसार प्रहरीले यस्ता मुद्दा सम्बोधन गर्दा अपराधिक अनुसन्धान चलाउनुभन्दा मेलमिलाप गराउन बढी रुचाउँछन्।

सभामुख कृष्ण बाहादुर महरा माथि बलात्कारको आरोप लागेपछि गत अक्टोबर महिनाको १ तारिख उनले प्रधानमन्त्री ओलि एवं सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सुझावमा राजीनामा दिए। गत नोभेम्बर महिनासम्म अदालत सुनुवाइको प्रतिक्षामा प्रहरीले महरालाई हिरासतमै राखेएका थिए।

चेलीबेटी विरुद्ध घरेलु हिंसा एक गम्भीर समस्याको रुपमा रहेको थियो। चेलीबेटीप्रति लक्षित हिंसाका साथै बाध्यात्मक विवाह र बाल विवाहजस्ता प्रचलनका कारण महिला वर्ग अस्वस्थ्य रहने, उनीहरूको जीविकोपार्जन असुरक्षित र सामाजिक भूमिका गौण बन्ने र यसबाट पुस्तेनी गरिबीले पनि निरन्तरता पाउने गैससहरूले बताए। कानुनले घरेलु हिंसाका उजुरीहरूमा मेलमिलापमा जोड दिँदै मध्यस्तताको आधारमा समाधान गर्नेतर्फ पक्षहरूलाई प्रोत्साहन गर्छ। मध्यस्तता विफल भएको आवस्थामा मात्र राज्यले ऐन अन्तर्गत कारबाही गर्ने निर्णय गरेको पाइन्छ।

प्रहरी समक्ष चेलीबेटीले अपराध बारे उजुरी गर्न सहज होस् भनेर मुलुकका ७७ जिल्लामै प्रहरीले आफ्ना कार्यालयको महिला एकइमा महिला प्रहरी अधिकारी खटाएको थियो। महिला र बालबालिका सेवा महानिर्देशनालयको अनुसार यी महिला इकाई पूर्ण रुपले कार्यरत थिएनन् तर नेपाल प्रहरीले बाहिरी मद्दत परिचालन गरेर भए पनि इकाइहरूका पूर्वाधार र क्षमता वृद्धि गर्न कोसिस गर्दै थिए। गैससहरूको अनुसार केही सुधार आए पनि घरेलु हिंसा र महिला बेचबिखनविरुद्ध जुध्नका लागि स्रोतसाधन र तालिमको अभाव थियो। घरेलु हिंसाको कसूरलाई अपराधको रुपमा व्यवहार गर्ने भन्ने प्रहरीको मार्गदर्शन भएपनि विभेदकारी मनस्थिति समाजमा निकै जकडिएर बसेकोले गर्दा यसलाई प्रहरी कार्यालय महिला शाखाभन्दा बाहिर लागू गर्न मुस्किल भयो।

सरकारले १७ जिल्लामा सेवा केन्द्रहरू, ८ जिल्लामा पुनर्स्थापना केन्द्रहरू र १७ जिल्लामा अस्पताल-स्थित संकट व्यवस्थापन केन्द्रहरू स्थापना गरेकाछन्। यी केन्द्रहरूले लैङ्गिक हिंसा पीडितहरूलाई उपचार, सुरक्षा, र मानसिक र कानुनी सहयोग र परामर्श उपलब्ध गराउँदै आएका छन्। लैङ्गिक मुद्दाका जानकारहरूको अनुसार यस किसिमको सामान्य कार्यविधिले प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, प्रहुख जिल्ला अधिकारी, स्थानीय अधिकारीहरू, सामुदायिक मध्यस्तता केन्द्रहरू र चेलीबेटीविरुद्ध हिंसा सम्बोधन गर्नमा सक्रिय गैससहरू बीचको समन्वयमा सुधार गरेको छ।

<u>अन्य हानीकारक परम्परागत सामाजिक कुरितीहरु:</u> संविधानले धार्मिक, सामाजिक र सांस्कृतिक परम्परामा आधारित महिला उत्पिडनलाई अपराधको रुपमा परिभाषित गरेको छ र पीडितहरूलाई

क्षतिपूर्तीको अधिकार समेत दिएको छ। नयाँ अपराध ऐनले दाइजो लेनदेनलाई गैरकानुनी बनाउँदै दाइजो लेनदेन गर्नेमाथि ३०,००० नेपाली रुपियाँ ($३००) सम्मको नाजरिमा वा तीन वर्षसम्म कैद वा दुवै लागू गरिने व्यवस्था गरेको छ। दाईजोको कारणले आफ्नो पत्नीमाथि हिंसा गर्नेलाई पनि नयाँ ऐनले अपराध ठहऱ्याएको छ र यसको लागि ५०,००० ($ 500) सम्मको जरिमाना र पाँच वर्षसम्मो कैद वा दुवै हुने उल्लेख गरेको छ। कानुनले दाइजो माग्नु र दाईजो नल्याएबापत होच्याउने, शारीरिक यातना दिने, एक्ल्याउने जस्ता महिलामाथि गरिने मानसिक दुर्व्यवहारलाई दण्डनीय अपराध भनेर परिभाषित गरेको छ। त्यति हुँदा हुँदै पनि खासगरी तराईमा दाईजो लेनदेन धेरै सामान्य रह्यो। त्यसबाहेक समाजमा प्रचलित बाल एवं जबरजस्ती विवाहको कारण शिक्षामा बालिकाहरूको पहुँच सीमित हुन जानुकासाथै उनीहरू घरेलु हिंसा र यौन दुर्व्यवहारको शिकार बन्ने र यौन तस्करीमा समेत पर्नसक्ने जोखिम र सम्भावना पनि उच्च बन्नजान्छ। बाल एवं जबरजस्ती विवाह खासगरि दलित तथा मधेशी समुदायमा बढी सामान्य थिए (हेर्नुस "बालबालिका" खण्ड)। सरकारी निकायहरूले दाईजोसँग सम्बन्धित हिंसा एवं जबरजस्ती विवाहको अभिलेखीकरण गर्नुका साथै विभिन्न सुझाव सल्लाह जारि गर्दै बिचबिचमा उद्धार र पुनर्स्थापना सेवा सुविधाको अवसर समेत पीडितहरूलाई उपलब्ध गराए।

बोक्सी आरोपमा विभेद र हिंसा गर्नुलाई कानुनले अपराध भनि स्पष्टरूपमा व्याख्या गरेको भए तापनि बोक्सी सम्बन्धी परम्परागत अन्धविश्वासले ग्रामीण महिला र खासगरी विधवा, वृद्धा, निम्न आर्थिक हैसियतका र दलित महिलाहरूलाई नकरात्मक रुपमा प्रभाव गरिरहेको थियो। यस्ता अपराधमा राज्यले कानुनी कारबाही गरेको कुनै मुद्दा प्रकाशमा आएनन्। मिडिया र गैससहरूले बोक्सी आरोप लागेकाविरुद्ध विभिन्न हिंसात्मक घटनाहरूको उजुरी गरे। त्यसको साथसाथै नागरिक समाजका संघसस्थाले पनि यसबारे जनचेतना वृद्धि गरे।

तेजाप आक्रमणलाई विशेषरुपमा गैरकानुनी बनाइएको छ; पोल्ने हिंसाबाट बाँचेका नेपाली नाम गरेको गैससले जनवरी देखि सेप्टेम्बरसम्ममा २ वटा तेजाप आक्रमण भएको पुष्टि गरे।

छौपडीको चलन (महिनावारी वा सुत्केरी हुँदा चेलीबेटीलाई घरबाट निकालेर बस्तु गोठमा बस्न बाध्य गराईने परिपाटी) एक गम्भीर समस्याको रुपमा कायमै रह्यो। सन् २००५ मा सर्वोच्च अदालतले छौपडीलाई गैरकानुनी भनी गरेको निर्णय र सन् २००८ मा यसको उन्मूलनको लागि महिला, बालबालिका र समाज कल्याण मन्त्रलयले जारी गरेको मार्गनिर्देशनको बावजूद पनि छौपडीको चलन हटेको छैन। सन् २०१८ देखि प्रयोगमा आएको अपराध संहिताले छौपडीलाई ३ महिनासम्मको जेल

सजाय र बढीमा ३,००० रुपियाँ ($३०) जरिमाना वा दुवै भोग्नु पर्ने अपराध भनेर औपचारिक रुपमा परिभाषित गरेको छ। केही स्थानीय अधिकारीहरूबाट छौपडी प्रथा उन्मूलन गर्नका लागि शैक्षिक अभियान चलाउनेदेखि छाउगोठ भत्काउने सम्मका विभिन्न पहलहरू भएतापनि परम्परागत विश्वास एवं समाजको लाजको कारण यो कुरिती हट्न सकेको छैन, खासगरि सुदूर पश्चिमाञ्चलको ग्रामीण भेकमा जहाँ छाउगोठमा बस्ने क्रममा समयसमयमा महिलाहरूले मृत्युसमेत भोग्न बाध्य हुने गरेका छन्। उदाहरणका लागि स्थानिय मिडियाले जनाए अनुसार जनवरी महिनामा छाउगोठमा बसेको एकजना महिलाको मृत्यु भयो र त्यसको दुई दिनपछि सुत्नेबेलामा न्यानोको लागि छाउगोठमा बालेको आगोको धुवाँले निसास्सिएर एक महिला र उनका दुईजना बच्चाहरूको मृत्यु भयो। डिसेम्बर ५ तारिखका दिन प्रहरीले छाउगोठमा एकजना महिलाको मृत्यु हुनुमा जिम्मेवार रहेको भनिएको पुरुषलाई पक्राउ गऱ्यो। यो नै सन् २०१८ को छाउप्रथा विरुद्धको कानुन अन्तर्गतको पहिलो गिरफ्तारी थियो।

<u>यौन दुराचारः</u> यौन दुराचार बारेका गुनासोको उजुरीलाई विभिन्न आन्तरिक कार्यालय प्रक्रियाद्वारा सम्बोधन गर्दा पनि समाधान गर्न नसकिएको अवस्थामा कानुनले जिल्लाको उच्च अधिकारीलाई दुराचारीमाथि ६ महिनासम्मको जेल सयाज, ५०,००० रुपियाँ ($५००) जरिमाना वा दुवै लागू गर्ने अधिकार दिएको छ। कानुनमा पीडितलाई पर्याप्त संरक्षण र क्षतिपूर्तीको व्यवस्था भएपनि सजाय हुनुपर्ने जति कडा थिएनन्। यौन दुराचार सबैभन्दा बढी देखिने अनौपचारीक क्षेत्रमा कानुनको पहुँच नरहेको महिला अधिकारकर्मीहरूले बताए।

<u>बाध्यात्मक परिवार नियोजनः</u> बाध्यात्मक गर्भपतन, अनऐच्छिक बन्धिकरण वा परिवार नियोजनका अन्य प्रकारका बाध्यात्मक उपायहरू प्रयोग गरिएको कुनै उजुरी थिएनन्।

<u>विभेदः</u> कानुनको संरक्षण पाएपनि महिलाहरूले रोजगारी लगायतका क्षेत्रहरूमा संरचनागत विभेदको सामना गर्नुपऱ्यो (हेर्नुस् खण्ड ७.घ.), खासगरि मुलुकको ग्रामीण क्षेत्रहरूमा। दलित महिलाहरूले लिङ्ग र जातको खातिर विभेदको सामना गर्नु परेको अवस्था थियो। कानुनले महिलालाई आफ्नो अभिभावकको सम्पत्तिमाथि बराबर हक र विवाहपछि त्यो सम्पत्ति आफ्नो नाममा राख्ने हकसमेत दिए तापनि धेरै महिलामा आफ्ना अधिकारबारे चेतना थिएन र चेतना हुनेलाई पनि प्रचलनको विरोध गर्न ठूलो भय थियो। कानुनले विधवाहरूलाई आफ्नो पतिको घर सम्पत्तिमाथि पूर्ण पहुँच र अधिकार दिएको छ; यद्यपि सरकारको तर्फबाट कानुन लागू गर्न पर्याप्त कदम उठाइएन।

सन् २००६ मा अनुमोदन गरिएको लैङ्गिक समानता ऐनका साथै ६० वटा अन्य कानुनमा विभेदकारी प्रावधानहरू भेटिन्छन्। उदाहरणका लागि सम्पत्तिको हक सम्बन्धी कानुनले भू-स्वामित्व र अंशबन्डको मामिलामा पुरुषलाई प्राथमिकता दिएको छ। यद्यपि, संविधानले महिलाहरूलाई विगतमा कानुनले संरक्षण नगरेका कतिपय हकहरू प्रदान गरेको छ जसमध्य घर सम्पत्ति र पारिवारिक मामिलामाथि श्रीमान सरहका हक अधिकार र त्यसको साथै शिक्षा, स्वास्थ्य, र सामाजिक सेवा सुविधामा विशेष अवसर पनि पर्दछन्।

सन्तानको पिताको नागरिकता जहाँको भएपनि महिलाहरूलाई स्वतन्त्र रुपमा आफ्नै नागरिकताको आधारमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्नबाट संविधानले नै रोकेको अवस्था छ। नेपाली महिलाका विदेशी श्रीमान भएमा उनीहरूलाई अंगिकृत नागरिकता प्राप्त हुने कुनै विशेष प्रावधान पनि संविधानमा छैन।

वंशजका आधारमा महिला र बालिकाहरूले आफ्नै भरमा नागरिकता प्राप्त गर्नका लागि पति, पिता, वा पतिको परिवार (विधवा भए)बाट औपचारिक सिफारिश लेखाउनु पर्ने हुन्छ जसमा आवेदक नेपाली नागरिकताको लागि योग्य भएको र निजले नागरिकता पाएमा उनीहरूको कुनै आपत्ति नहुनेसमेत उल्लेख हुनुपर्छ। यस्तो प्रावधानले आफ्नो नागरिकताको हक प्राप्त गर्नका लागि महिलालाई उसको बा अथवा पतिमाथि निर्भर बनाउँछ। कतिपय स्थितिमा पतिहरूले आफ्ना श्रीमतिलाई यस्तो सिफारिश लेख्न अस्वीकार पनि गर्ने गर्छन्। महिलालाई नागरिकता पाउनबाट बञ्चित गरेपछि अदालतमा उनीहरूको पहुँच शून्य हुनजान्छ र महिलाहरूले घरजग्गा र सम्पत्तिको आंशबारे कानुनी दाबी गर्ने क्षमता गुमाउँछन्। यसो हुँदा पति र अन्य पुरुष नातेदारले सम्पत्तिमा आ-आफ्ना दाबी कायम गर्ने अवसर पाउँछन्।

**बालबालिका**

जन्मदर्ता: संवैधानिक प्रावधान, कानुन तथा नागरिकता निर्धारण गर्ने नियमनहरूले अभिभावकको लिङ्गका आधारमा विभेद गर्ने भएको हुनाले राज्यबिहीनताको स्थितिले प्रोत्साहन पाइरहेको थियो (हेर्नुस खण्ड २.घ., राज्यबिहीनता)। बच्चा जुनसुकै लिङ्गको भएपनि जन्मदर्ता नीति र प्रकृयामा त्यसको भिन्नता देखिएन।

संविधानले नागरिकता प्राप्त गर्नका लागि एकजना अभिभावक नेपाली हुनुपर्ने उल्लेख गरेको भएपनि नेपाली आमा र विदेशी पिताबाट जन्म भएको सन्तान्ले अंगिकृत प्रक्रीयाबाट मात्र नागरिता पाउन सक्छन्। बच्चाको पिताले नागरिकता आवेदन सिफारिस गरेको खण्डमा बाहेक नागरिकता प्राप्तहुने, तर आमाहरूले आफ्ना सन्तानलाई नागरिकता प्राप्त गराउनमा कहिलेकाहीँ अत्यन्तै कठिनाइ भोग्नु पर्‍यो। सन् २०११ मा सर्वोच्च अदालतले अज्ञात पिताका सन्तानले आफ्नो आमाबाट नागरिकता प्राप्त गर्न सक्ने फैसला गरेतापनि आमा र बच्चहरू यस्ता कठिनाइ भोग्नबाट मुक्त हुन सकेका छैनन्।

संविधानले अज्ञात पिताका सन्तानले आफ्नो आमाद्वारा नागरिकता प्राप्त गर्न सक्ने बताए पनि पछि गएर पिता विदेशी नागरिक रहेको ठहर भएमा बच्चाले वंशज नागरिकता गुमाउनु पर्ने हुन्छ र फेरि पछि अंगिकार प्रक्रियाबाट नागरिकता प्राप्त गर्नुपर्ने अवस्था आउँछ। व्यवहारमा धेरै अविवाहित महिलाले वंशजको आधारमा आफ्ना सन्तानलाई नागरिको रुपमा दर्ता गराउन धेरै समस्या भोग्नु पर्दछ। सन् २०१७ सर्वोच्च अदालतले हाल ठेगान लगाउन नसकिए ता पनि नेपाली माता-पिताबाटै जन्मिएका बच्चाहरूको हकमा सरकारले उनीहरूको जन्म दर्ता गर्न र उनीहरूलाई नारिकता प्रदान गर्न अस्वीकार गर्न सक्दैन भनेर निर्णय गर्‍यो। यस निर्णयले बलात्कार र मानव तस्करीबाट पीडित भएका एकल आमाका सन्तानलाई समेट्ने तर ज्ञात तर आफ्नो पितृत्व स्वीकार गर्न नचाहने पिताहरूको अवस्थालाई सम्बोधन नगर्ने मानव अधिकार अधिवक्ताहरू बताउँछन्। निधन भएका, परिवार त्याग गरेका वा देश छोडेर विदेशमा काम गर्दै गरेका पिताहरू (जुन धेरै सामान्य हुँदैछ) का सन्तानले नागरिकता पाउनका लागि विशेष कानुनी र व्यवहारिक बाधाहरू भोग्नु पर्ने अवस्था थियो।

अंगिकृत नागरिकता संविधान अन्तर्गतका मौलिक हकमा नपर्ने भएपनि वंशज नागरिकता पाउन अयोग्य व्यक्तिहरूका लागि यो एउटा विकल्प हुन सक्छ, तर यसमा पनि राज्यको निर्णयशक्ति धेरै छ। यकिन तथ्यांक नभएपनि मानव अधिकार अधिवक्ताका अनुसार राज्यले पछिल्ला वर्षहरूमा निकै कम संख्यामा आंगिकार नागरिकताका आवेदन स्वीकार गरेको छ।

<u>शिक्षाः</u> संविधानले देशव्यापी रुपमा आधारभूत प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाएको छ। शिक्षा ऐनले शिक्षा प्रणालीलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षा (शिशु विकासदेखी लिएर १-८ कक्षा सम्म), र निःशुल्क तर अनिवार्य नगरिएको माध्यमिक शिक्षा (९-१२ कक्षा) गरी दुई भाग लगाएको छ। सन् २०१७-१८ को शैक्षिक सत्रमा ९७.२ प्रतिशत विद्यालय उमेरका बालबालिकाहरू समान लैङ्गिक अनुपातमा भर्ना भएको सरकारले बताएको छ। यद्यपि, माध्यमिक शिक्षामा लैङ्गिक

असमानता कायमै रह्यो र ग्रामीण क्षेत्रका दुई तिहाई कलिला किशोरीहरू विद्यालय नै नजाने अवस्था निरन्तर रह्यो।

सरसफाईयुक्त शौचालयको अभावले खासगरि छात्राहरूको विद्यालय पहुँचमा बाधा पुगि रहेको थियो भने अन्य कतिपय बालबालिकाहरूलाई विद्यालयको भौतिक दूरी, पढाइ खर्च, घरायसी कामधन्दा एवं आभिभावकको प्रोत्साहनको अभावले शिक्षामा पहुँच सीमित गरिरहेको अवस्था थियो। मुलुकव्यापि रुपमा ३२.४ प्रतिशत विद्यालयमा छात्राहरूको लागि अलगै शौचालयको व्यवस्था छैन जसको कारण उनीहरू विद्यालय जान अनिच्छुक हुनसक्छन्, खासगरि महिनावारी हुँदाको समयमा। छात्रहरूको हकमा एकातिर रोजगारी सुरु गर्ने र विदेशमा काम गर्न जाने दबाब र अर्कोतिर लागू औषध र मदिरा सेवनजस्ता कारणले उनीहरूलाई विद्यालयमा उपस्तथित हुनबाट रोक्ने गरेको छ। अपाङ्गता भएका बालबालिकाले पनि शिक्षा हासिल गर्नमा विभन्न प्रकारका थप अवरोधहरूको सामना गर्नु पर्दछ, जस्तो कि विद्यालयमा भर्ना नै हुन नपाउनु। यसमाथि बालबालिकालाई १३ वर्षको उमेरसम्म मात्र विद्यालय जान अनिवार्य छ। वैधानिक रुपमा श्रम गर्न निषेध भएपनि यस प्रकारको मापदण्डले बालबालिकाहरूमा बालश्रमको शिकार हुने जोखिम उच्च बनाउँछ।

स्वास्थ्य सेवाः सरकारबाट बालबालिका र वयस्कहरूलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध थियो। तर छोरीहरूमाथि अभिभावकले विभेद गर्ने भएकोले प्रायः अति बिपन्न परिवारहरूले छोराहरूको स्वास्थ्य उपरचारमा प्राथमिकता दिएको पाइयो।

बाल दुर्व्ययहारः बालबालिकामाथि हिंसा मात्र होइन यौन दुर्व्यवहार पनि व्यापक रहेको भन्ने उजुरीहरू आएका थिए। गैससहरूले यस्ता उजुरी बढ्नुमा चेतना वृद्धिको भूमिका रहेको बताए पनि यसको व्यापकताबारे भरपर्दो अनुमान गर्न सकिने आधार छैनन्। बालबालिकामाथि हुने दुर्व्यवहार र हिंसाको प्रतिवाद गर्नका लागि केही निश्चित सरकारी प्रक्रिया र संयन्त्र छन्, जस्तो कि विशेष टेलिफोनका हटलाईनहरू एवं राष्ट्रिय बाल अधिकार परिषद।

बाल र बाध्यात्कम विवाहः कानूनले दुवै बालक र बालिकाको हकमा २० वर्षभन्दा कम उमेरमा विवाह गर्न निषेद गरेको छ। यूनिसेफका अनुसार २०-२४ वर्षका युवतीहरू मद्धे एकतिहाईको १८ वर्ष पुग्दा नपुग्दै विवाह भइसकेको हुन्छ भने करिब १० प्रतिशतको विवाह १५ वर्ष पुरा नहुँदै भइसक्छ।

परम्परामा आधारित सामाजिक, आर्थिक, र सांस्कृतिक प्रथाहरूको कारण बालबालिकाहरूलाई कलिलो उमेरमै बाध्यात्मक विवाह सम्बन्धमा बाँधिदिने प्रवृत्ति कतिपय ठाउँमा देखियो, खासगरी मधेशी र दलित समुदायको हकमा। कानुनले यस्ता विवाहहरूमा बालिकाको उमेर हेरेर दण्ड पनि तोकेको छ। दण्डस्वरुप जेल सजाय वा नगद जरिमाना हुन सक्छ र यसबाट प्राप्त भएको रकम पीडित बालिकालाई दिइन्छ। सरकार समक्ष यस्ता घटनाको उजुरी परेपछि सरकारले त्यसमा कारबाही थालनी गर्नुपर्ने निजामती ऐनको प्रावधान छ।

बाललालिकाको यौन शोषणः गैससहरूको अनुसार बालबालिकाहरूको व्यवसायिक शोषण एउटा गम्भीर समस्याको रुपमा रह्यो। सडक बालबालिकाहरू वेश्यावृत्तिमा संलग्न भएको र नाबालक केटीहरूलाई डान्स बारदेखि मसाज गृह र क्याबिन रेष्टूरेन्ट (यौन व्यवसाय चल्ने एक प्रकारको थलो)मा काम लगाईएको भनि उजुरीहरू परेका थिए। प्रहरीको अनुसन्धान गर्ने क्षमता सीमित भएकोले गर्दा कार्यान्वयन पक्ष प्राय कमजोर हुने गयो। यौनकार्यमा स्वेच्छाले संलग्न हुनका लागि कम्तिमा पनि १८ वर्षको उमेर पुगेको हुनुपर्छ। बलात्कार गर्नेहरूलाई पीडितसँगको सम्बन्ध र उसको उमेरको आधारमा सजाय तोकिने व्यवस्था थियो।

बाल यौन चित्रण विरुद्ध विशेष कानुन नभएपनि बालबालिका ऐनले कसैले पनि बालबालिकालाई अनैतिक कार्य वा धन्धामा संलग्न बनाउन नपाइने र उनीहरूलाई त्यस किसिमका गतिविधिमा सहभागी बनाउने हेतुले कुनैपनि तस्वीर खिचेर बिक्री वितरण गर्न नपाइने भनि तोकेको छ। त्यसको अतिरिक्त बालबालिकाको व्यक्तित्व वा इज्जतमा धक्का पुग्ने कुनैपनि तस्वीर प्राकाशित, प्रदर्शन, र बिक्री वितरण गर्न पाइँदैन। यद्यपि अश्लील चलचित्र उद्योगमा बालबालिकालाई प्रयोग गर्नुलाई कानुनले प्रस्ट रुपमा निषेध गरेको छैन।

विस्थापित बालबालिकाः सन् २०१५ को महाभूकम्प र पराकम्पनको कारण अहिलेसम्म पनि बालबालिकाहरू ठूलै संख्यामा विस्थापित छन् (हेर्नुस् खण्ड २.घ)। दशक लामो माओवादी द्वन्द्वबाट पीडित बालबालिकाको बारेमा नत सरकारसँग कुनै विस्तृत तथ्यांक नै थियो नत सो द्वन्द्वबाट आन्तरिक रुपमा कुल विस्थापित र हालसम्म विस्थापित अवस्थामा हुनेको संख्याको अनुमान नै सरकारसँग थियो।

संस्थागत रुपमा राखिएअका बालबालिकाहरुः अनाथालय र बाल आश्रमहरूमा यातना र दुर्व्यवहार सामान्य रुपमा भईनैरहेने गरेको बताईएको छ। यस क्षेत्रमा कार्यरत एक गैससले दर्ता बाल आश्रमहरू

मद्धे केवल एक तीहाइले न्यूनतम कानुनी मापदण्ड अनुसार काम गरिरहेको अनुमान गरेको छ। यद्यपि बिना दर्ताका धेरै बालगृहबारे भरपर्दो तथ्यांक भने छैन। केही गैससले बालगृह तथा अनाथालयहरूमा बस्ने बालबालिकहरू भीख माग्न बाध्य रहेको बताए। स्तर तथा मात्राको दृष्टिकोणबाट विगतका वर्षहरूको तुलनामा बलबालिकाहरूले भोग्नु परेको दुर्व्यवहारमा यस वर्ष कुनै खास परिवर्तन नआएको गैससहरूले बताए।

<u>अन्तर्राष्ट्रिय स्तरमा हुने बालबालिका अपहरण:</u> अन्तर्राष्ट्रिय स्तरमा हुने बालबालिका अपहरण सम्बन्धी सन् १९८० को हेग महासंधीमा नेपालले हस्ताक्षर गरेको छैन। हेर्नुहोस् अमेरिकी विदेश मन्त्रालयको *अन्तर्राष्ट्रिय स्तरमा अभिभावकद्वारा गरिने बालबालिका अपहरणको वार्षिक प्रतिवेदन https://travel.state.gov/content/travel/en/International-Parental-Child-Abduction/for-providers/legal-reports-and-data.html*

**यहुदीविरोधी भावनाः**

मुलुकमा सानो यहुदी समुदाय उपस्थित थियो तर यहुदीविरोधी गतिविधिको कुनै उजुरी भने परेनन्।

**मानव तस्करी वा बेचबिखन**

*www.state.gov/j/tip/rls/tiprpt/* मा गएर हेर्नुहोस् अमेरिकी विदेश मन्त्रालयको *मानव तस्करी र बेचबिखन प्रतिवेदन*।

**अशक्त वा अपांगता भएका व्यक्तिहरू**

संविधानले कुनै पनि व्यक्तिमाथि अपांगता भएको आधारमा विभेद गर्न निषेध मात्र गरेको छैन, अशक्त र अपांगता भएका व्यक्तिहरूको पक्षमा थप अधिकारहरूको उल्लेख पनि गरेको छ। यस्ता अधिकारहरु मद्धे अशक्त एवं “आर्थिक रुपमा असम्पन्न” नागरिकहरूको लागि निःशुल्क उच्च शिक्षा, र राम्रो दृष्टि नभएका व्यक्तिहरूको लागि विशेष पाठ्यक्रम र पाठ्य सामाग्रीको व्यवस्था पनि पर्दछन्।

सरकारले ७५३ स्थानिय सरकारहरु मद्धे अशक्त र अपांगता भएका व्यक्तिहरू प्रतेकका लागि मासिक भत्ता, आश्रम, र प्रतेक जिल्लामा एकजना समाज कल्याण सेवक जस्ता सुविधाहरू उपलब्ध गराएको छ। सन् २०१७ मा संसदले अशक्त र अपाङ्गता भएका नागरिकहरूले शिक्षा, स्वास्थ्य, रोजगारी,

सार्वजनिक भवन र भौतिक संरचना, यातायात, सञ्चार र सम्प्रेषणलगायतका सेवा सुविधामा समान पहुँच पाउन सकुन् भनेर अपांगता अधिकार ऐन पारित गऱ्यो। यस ऐनले पनि अशक्त र अपांगप्रति विभेदलाई निषेध गरेको छ। अशक्त र अपांगता भएकाहरूको अधिकार र हितमा निश्चित सुधार गर्ने हेतुले राज्यले सम्बन्धित नियम र कानुनको कार्यान्वयनमा थप जोड दिएको भएतापनि त्यसको प्रभावकारिता भने सीमित रह्यो। उदाहरणका लागि ब्रेल लिपीमा छापिएका पुस्तकहरू सबै कक्षाका विद्यार्थीहरूलाई उपलब्ध छैनन्, र त्यसैगरी इच्छुक सबै अशक्त र अपांगले निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने समान मौका पाउँदैनन्। महिला, बालबालिका तथा वृद्ध नागरिक मन्त्रालयका अनुसार यस वर्ष यस क्षेत्रमा सरकारले अन्य कुनै कदम नउठाएको नजाएको छ।

सरकारले "पूर्ण रुपमा" अशक्त श्रेणीमा राखिएका व्यक्तिहरूलाई २,००० रुपियाँ ($२०) र "गम्भीर रुपमा" अशक्तलाई ६०० रुपियाँ ($६) मासिक रकम उपलब्ध गरायो। कानुनले अशक्त र अपांगता भएका व्यक्तिलाई सरकारले आफ्नो आर्थिक स्रोतको उपलब्धता र अपांगताको मात्रा हेरेर भत्ता पउनु पर्ने उल्लेख गरेको छ। त्यसको अतिरिक्त २० जिल्लामा सरकारले कान नसुन्नेहरूको सुविधाको लागि सांकेतिक भाषा दोभाषेहरू राख्न खर्च उपलब्ध गरायो। राष्ट्रिय बजेटबाट सरकारले अशक्त र अपांग नागरिकप्रति लक्षित कार्यक्रमलाई ९ करोड ($९००,०००) छुट्याई अपांगहरूको हितमा कार्यरत विभिन्न संघसंस्थाहरूलाई अनुदान र साथसाथै सबै ७७ जिल्लामा उनीहरूलाई सामुदायमा पुनर्स्थापना गर्नका लागि न्यूनतम बजेट निकास गर्ने जिम्मा पनि लियो।

अशक्त र अपांगता भएका व्यक्तिहरूको सुरक्षा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारीमा पर्दछ। प्राथमिक तहमा विद्यालय जाने अशक्त विद्यार्थीको तुलनामा धेरै कम यस्ता विद्यार्थी माध्यमिक विद्यालय जाने गरेको पाइन्छ, मुख्य रुपमा पहुँचको अभाव, विद्यालयको भौतिक दूरी, र अभिभावकहरूको आर्थिक अवस्थाका कारण। विद्यालयहरूमा अशक्त र अपांगता भएका बालबालिकामाथि दुर्व्यवहार हुने भनिए पनि अदातल र सम्बन्धित अन्य निकायहरूमा त्यस्ता घटनाको उजुरी भने यस वर्ष परेन। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नयाँ संघीय संरचना अन्तर्गत ७५३ पालिकाहरु मद्धे लगभग सबैले अपांगता भएका व्यक्तिसहित अल्पसंख्यक र असुरक्षित समुदायको लागि बजेट छुट्याएको जनाएको छ। यति हुँदा हुँदै पनि अपाङ्गता भएका अधिकांश व्यक्तिहरूले सहयोगका लागि आफ्नै परिवारमा मात्र निर्भर हुनु पर्ने स्थिति थियो।

अशक्त र अपांगता भएका व्यक्तिहरूको मतदान गर्ने, नागरिकको हैसियतले राज्य प्रणालीमा भाग लिने र न्यायालयमा फिराद गर्ने अधिकारमा कुनै कानुनी अवरोध छैन। यद्यपि, बालबालिका र ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार सामान्य सार्वजनिक सुविधाहरूमा महिलाहरूको पर्याप्त पहुँच नहुँदा यस्ता अधिकारको व्यवहारिक प्रयोगमा बाधा र अवरोधहरू झेल्नु पर्ने अवस्था रह्यो।

**राष्ट्रिय/जातीय/ अल्पसंख्यक जनजाति**

कानुनी प्रावधान अनुसार हरेक समुदालाई “आफ्नो भाषा, लिपी, र संस्कृतिको संरक्षण गर्ने” अधिकार र मात्रीभाषामा प्राथमिक तहका विद्यालयहरू सञ्चालन गर्ने अधिकार प्राप्त छ। सामान्यतया सरकारले यी अधिकारहरू सुरक्षित गर्‍यो। देशमा १२० वटा भन्दा बढी भाषा बोल्ने राष्ट्रिय आदिवासी समुदाय र १२५ वटाभन्दा बढी जात र जातिहरू बसोबास गर्छन्।

रोजगारी लगायतका क्षेत्रमा तल्ला जात मानिने र केही जनजातिप्रति विभेद व्यापक थियो, खासगरी तराइ र ग्रामीण जिल्लाहरूमा (हेर्नुस खण्ड ७.घ.)।

जातमा आधारित विभेद गैरकानुनी छ र दलित समुदायप्रति गरिने सामाजिक वहिष्करणलाई राज्यले कानुनी रुपमा निषेध गर्दै सबै उत्पीडित जातका आधिकार सुरक्षित गर्ने प्रयास गरेको छ। संविधानले छुवाछुत प्रथालाई निषेध गरेको मात्र छैन दलितहरूको शिक्षा, स्वास्थ्य र आवास सम्बन्धी विशेष कानुनी संरक्षण पनि प्रदान गरेको छ। संविधानले दलित समुदायलाई सुरक्षित राख्न र उनीहरूको अधिकार सशक्त ढंगले प्रवर्द्धन गर्नका लागि राष्ट्रिय दलित आयोगलाई एउटा संवैधानिक अंगको हैसियतमा स्थापना गरेको छ। विभेदको अन्त्य गर्नका लागि सरकारले सन् २०१८ को अन्तिमतिर अतिरिक्त कानुनहरू परित गर्दै गर्दा यी कानुनले दलितलाई प्रत्यक्ष संरक्षण प्रदान नगर्ने र जातीय विभेदलाई पनि अति सामान्य भाषामा मात्र निषेध गर्ने दलित मानव अधिकारकर्मीहरूले जिकिर गरे।

नेपाल दलित समाजिक कल्याण संघको अनुसार विभेद कम गर्ने मामिलामा खासगरी ग्रामीण क्षेत्रमा राज्यले हासिल गरेको प्रगति सीमित रह्यो।

राज्यले कुल जनसंख्याको ३६% ओगट्ने ५९ वटा जात र जातीय समुदायलाई राष्ट्रिय जनजातिको मान्यता दिएको छ। यी मद्धे केही समुदाय तुलनात्मन रुपमा सुसम्पन्न भए तापनि धैरै अवस्थामा

राज्यको स्रोतसाधन तथा राजनीतिक संरचनामा यस्ता समुदायको असमान पहुँच हुनुका साथै, भाषिक, धार्मिक र सांस्कृतिक हिसाबले पनि उनीहरूले विभेदको सामना गर्नुपर्ने स्थिति थियो।

**लैङ्गिक रुझान र लैङ्गिक पहिचानको आधारमा गरिने विभेद र हिंसात्मक कार्य**

समलिङ्गी यौन क्रियाकलापलाई कुनैपनि कानुनले अपराध घोषणा गरेको छैन र महिला र पुरुष समलिङ्गी, द्विलीङ्गी, तेस्रोलिङ्गी र मिश्रितलिङ्गी (एलजीबिटिआई) व्यक्तिहरूले आ-आफ्ना अधिकारको पक्षमा सक्रिय रुपमा वकालत गर्न सकेको अवस्था थियो। संविधानमा एलजबिटिआई व्यक्तिहरूको संरक्षणका लागि विभिन्न प्रावधानहरूको प्रारुप राखिएको छ, तर एलजबिटिआई अभियन्ताहरूले यौनिक र लैङ्गिक अल्पमत समूहलाई बढी संरक्षाण प्राप्त गराउनका लागि थप विधान पारित गराउन दबाब दिइरहेका थिए।

स्थानीय एलजिबिटिआई अधिकार समूहका अनुसार सरकारले शिक्षा, स्वास्थ्य सेवा, र रोजगारीको क्षेत्रमा एलजिबिटिआई व्यक्तिहरूलाई समान अवसर प्रदान गरेन (हेर्नुस् खण्ड ७.घ.)। त्यसको अतिरिक्त खासगरी ग्रामीण इलाकामा केही एलजिबिटिआई व्यक्तिहरूले नागरिकता प्रमाणपत्रको लागि नाम दर्ता गर्ने क्रममा कठिनाइ भोग्नु परेको अधिकार समूहले बताए।

स्थानीय निर्वाचनमा केही एलजिबिटिआईले आफ्नो उमेदवारी जनाए पनि निर्वाचन अधिकारीहरूले चुनावको कोटा अनुसार त्यस ठाउँमा “महिला” उमेदवार उठाउनुपर्ने भन्दै सन् २०१७ मा एकजना स्वधोषित तेस्रो लिङ्गीलाई उप-मेयरको उमेदवार बन्नबाट रोकेको एलजिबिटिआई अधिकारवादीहरूले बताए। सो मुद्दामा सर्वोच्च अदालतले सरकारको पक्षमा निर्णय गरेको थियो। एलजिबिटिआई कार्यकर्ताहरूले केही तेस्रो लिङ्गी व्यक्तिहरूले व्यवहारमा लिङ्ग परिवर्तन गरिसकेको भए तापनि मतदान केन्द्रहरूमा उनीहरूलाई पुरानै लिङ्गको मानिसहरूसँगै लाइनमा राखिने र जसको कारण उनीहरूले हैरानी र सामाजिक लान्छना भोग्नु पर्‍यो। यस्तो अनुभवलबाट उनीहरू मतदान गर्नबाट निरुत्साहित हुने एलजिबिटिआई कार्यकर्ताहरूको जिकिर थियो।

एलजिबिटिआई अधिकारवादी गैससहरूको अनुसार गत वर्ष एलजिबिटिआई व्यक्तिहरूले खासगरी सहरी क्षेत्रमा सरकार र अन्य व्यक्तिहरूबाट हैरानी र दुर्व्यवहार केही कम भोग्नु परेको बताए, यद्यपि त्यस्ता घटना सम्पूर्ण रुपमा भने रोकिएनन्।

एलजिबिटिआई अधिकार समूहले गरेको उजुरी अनुसार गत वर्षभरि नै यौनिक र लैङगीक अल्पमत समूहहरूले प्रहरीबाट हैरानी भोग्नुपरेको थियो। आम नागरिक बीच एलजिबिटिआई व्यक्तिहरूको बारेमा

नकारात्मक सोचाइ हुने गरेकोले पनि यस समुदायले निरन्तररुपमा सानातिना दुर्व्यवहार खेपिरहनु परेको नेपाल प्रहरीको मानव अधिकार इकाइले बतायो। प्रनेपाल प्रहरीको प्रहरी मानव अधिकार इकाइले पनि प्रहरी यस प्रकारका पक्षपाती सामाजिक धारणाबाट अछुत नरहेको बताए।

### एचआइभी र एड्सको सामाजिक कलंक

एचआइभी रोकथाम सेवा प्रदान गर्ने व्यक्तिहरूसँगै एचआईभी/एड्स संक्रमण बोकेका र अरुलाई पनि सार्न सक्ने उच्च जोखिमयुक्त समूह दुवैले कुनै पनि औपचारिक विभेद भोग्नु परेन।

गैससहरूको अनुसार एचआईभी संक्रमित व्यक्तिहरूमाथि सामाजद्वारा विभेद गरिने र कलंक लगाइने व्यवहार सामान्य थियो।

## खण्ड ७. श्रमिक अधिकार

### क. संगठन गर्ने स्वतन्त्रता र सामूहिक सौदाबाजीको हक

सरकारले विध्वंसकारी वा राजद्रोही भनेर पहिचान गरेको संस्थाहरूको हकमा बाहेक कानूनले श्रमिकहरूलाई आफ्नो रोजाइको संगठन खोल्ने र त्योसँग आबद्ध हुने हक प्रदान गरेको छ। औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रमा कामदारहरूलाई संगठन गर्ने स्वतन्त्रता प्राप्त छ। गैरनागरिकहरू मजदूर संगठनका अधिकारीको पदमा निर्वाचित हुन पाउँदैनन्। सार्वजनिक यातायात, बैंक, सुरक्षा, र स्वास्थ्य सेवा जस्ता अत्यावश्यक सेवाहरुमा बाहेक अन्य स्थानीय श्रमिकहरूको हड्ताल र सामूहिक सौदाबाजी गर्ने हक छ। सन् २०१६ को अगस्त महिनामा पारित भएको विशेष आर्थिक क्षेत्र (एसइजी) सम्बन्धी ऐनले यस्ता आर्थिक क्षेत्रमा कामदारले हड्ताल गर्न नपाउने भनि तोकेको छ। सरकारले देशकै पहिलो दुईवटा विशेष एसइजी भारतीय सीमा नाजिक पर्ने भैरहवा र सिमरा क्षेत्रमा निर्माण गर्दैछ। सेना र प्रहरी कर्मचारीलगायत उप-सचिव भन्दा माथिका सरकारी अधिकारीलाई मजदूर संगठनको गतिविधिमा भाग लिन निषेध गरिएको छ। निजी क्षेत्रमा व्यवस्थापन पदमा कार्यरत कर्मचारीलाई मजदूर संगठनमा सहभागी हुन निषेध गरिएको छ।

कानूनको मुताबिक कुनै पनि कार्यालयको श्रम संगठनमा कम्तीमा २५ प्रतिशत कामदारको सहभागिता पुगेपछि मात्र त्यसले कामदारहरूको प्रतिनिधित्व गर्ने हैसियत प्राप्त गर्नेछ। यस किसिमको न्यूनतम सहभागिता राखिए तापनि यसले कामदारहरूलाई अनौपचारिक संगठन खोल्नबाट रोक्दैन, र यस्ता

अनौपचारिक संगठनले पनि हड्तालको आह्वान गर्न र सरकारसँग प्रत्यक्ष वार्ता गर्न पाउँछन्। अनौपचारिक क्षेत्रका कामदारहरूले पनि मजदूर संगठन खोल्न पाउँछन्, यद्यपि धेरै कामदारहरू यस अधिकारबारे अनभिज्ञ थिए।

संगठनमा समूहिक सौदाबाजीजस्ता जिम्मेवारी र गतिविधिमा लागेबापत श्रमिकहरूले कुनै कानूनी प्रतिकुलता भोग्नु नपर्ने भनी कानुनले सुरक्षा प्रदान गर्नुका साथै संगठनमाथि विभेद गर्न निषेध समेत गरेकोछ। संगठनको क्रियाकलापमा लागेको भनी कामबाट निस्कासित कामदारहरूले श्रम विभागमा यसको उजुरी गरेर काममा पुनर्स्थापित भई पाउँ भनि माग गर्न सक्ने छन् र विभागलाई त्यस सम्बन्धमा मध्यस्तता गर्ने अर्ध-न्यायिक अधिकार दिइएको छ। अधिकांश मुद्दामामिलामा विपक्षीहरू मध्यस्ततताद्वारा समझदारीमा पुग्छन्। कानून अनुसार कामदारहरूलाई सीमित अवस्थामा मात्र बिदा गर्न सकिन्छ र त्यो पनि तीन पटकसम्म कामको जिम्मेवारी पूरा गर्नबाट चुकीसकेपछि। नियम कानून नपुऱ्याई गरिएको हड्ताललाई दूराचार मानिन्छ र त्यसो गर्नेहरूले कामबाट निलम्बित हुनुदेखि निस्कासनसम्मको नतिजा भोग्न सक्छन्।

कानूनी रुपमा हड्ताल गर्नका लागि गोप्य मतदानद्वारा संगठनका ५१% सदस्यले त्यसको पक्षमा मत हालेको हुनुपर्ने मात्र होइन हड्ताल गर्नु ३० दिन अघि पूर्वसूचना समेत दिएको हुनुपर्छ। संगठन दर्ता नभएको, बहुमत कामदारको समर्थन नरहेको, वा हड्ताल गर्नुभन्दा ३० दिन अघि सूचना नदिएको अवस्थामा हड्ताललाई गैरकानुनी मानिन्छ।

संगठन गर्ने स्वतन्त्रता र सामूहिक सौदाबाजी गर्ने हकको प्रायः पालना गरियो। सरकारले आत्यावश्यक सेवामा हड्ताल गर्न निषेद गरे तापनि अस्पतालकर्मी, शिक्षा सेवाकर्मी, र यातायात व्यवसायीहरूले गत एक वर्षको अवधिमा बेलाबेलामा हड्ताल गर्दा त्यसो गरेबापत कुनैपनि कानूनी सजाय भोग्नु परेन। धेरैजसो मजदूर संगठन राजनीतिक दलसँग आबद्ध थिए र दलहरूबाट स्वतन्त्र रहेर आफ्ना क्रियाकलाप संचालन गर्ने अवस्था थिएन। सरकारले मजदूर संगठनको काम र गितिविधिमा न त कुनै हस्तक्षेप गऱ्यो न संगठनका नेताहरूलाई नै धम्कायो।

**ख. बाध्यात्मक वा अनिबार्य मजदूरी निषेध**

कानूनले सबै प्रकारका जवरजस्ति वा बाध्यात्मक मजदूर प्रयोग निषेध मात्र गरेको छैन उल्लंघनकारीहरूलाई जरिमाना भोगाउने प्रावधानसमेत राखेको छ। यी प्रावधान लागू गरिएको खण्डमा

काफी हदसम्म यस्ता उल्लंघनहरू निरुत्साहित गर्न सकिन्छ। यद्यपि, बँधुवा मजदूरीको प्रयोजनका लागि कसैलाई बलपूर्वक वा जालझेल गरेर भर्ती वा ओसारपोसार गर्ने, लुकाउने, वा आफ्नो कब्जामा लिनेजस्ता कार्यलाई कानुनले निषेध गरेको छैन। सरकारद्वारा प्राभावकारी ढंगले कानून लागू नगरिएकोले बाध्यात्मक मजदूरीको जालोमा पारिएका पुरुष, महिला र बालबालिकाको लागि नेपाल एउटा स्रोत, पारवाहन र गन्तव्य मुलुकको रुपमा रहेको अवस्था थियो।

कमैया प्रथाविरुद्ध सरकारको कानून कार्यान्वयन असमान रह्यो र पीडितहरूको सामाजिक पुनःस्थापनामा कठिनाइहरू आइलागे। स्रोतसाधन, निरिक्षण र कानुनी उपचार अपर्याप्त मात्र थिएनन्, उल्लंघनकारीले न्यून जरिमाना मात्र तिर्नुपर्ने भएकोले भावी उल्लंघन निरुत्साह गर्नमा ती निष्प्रभावी पनि साबित भए। सरकारले दुर्व्यवहार भोगेका वैदेशिक कामदार समूहमध्य मानव तस्करीका सम्भावित पीडितहरूको खोजी प्राभावकारी ढंगले गरेन। त्यस्ता मुद्दाहरूमा अपराध अनुसन्धान चलाउनुपर्ने ठाउँमा सरकारले मात्र प्राशासनिक कदम उठाइरहेको थियो। त्यसको अतिरिक्त श्रम एजेन्सीहरूले मानव तस्करीका साथै कामदारहरूबाट अवैध शुल्क असुल्ने जस्ता कामदार शोषणका उजुरीहरू आइरहँदा पनि सरकारले यस्ता उल्लंघनबारे उनीहरूमाथि कुनै अनुसन्धान प्रक्रिया सुरु गरेन।

*https://www.state.gov/trafficking-in-persons-report/* मा गई *अमेरिकी विदेश मन्त्रालयको मानव तस्करी प्रतिवेदन* हेर्नुस्।

**ग. बालश्रम निषेधीकरण र रोजगारीको न्यूनतम उमेर**

कानुनले रोजगारीको न्यूनतम उमेर १५ वर्ष र जोखिमपूर्ण कामको लागि न्यूनतम उमेर १७ वर्ष तोक्दै काम गर्ने बालबालिकाको रोजगारीको वातावरण स्वीकार्य हुनुपर्ने भनी निर्देशन पनि जारि गरेको छ। जोखिमपूर्ण कामको लागि नेपाली कानूनले तोकेको न्यूनतम उमेर अन्तर्राष्ट्रिय मापदण्डअनुरुप छैन किनकि १७ वर्षे बालबालिकालाई जोखिमपूर्ण रोजगारी गर्न र गराउन कानूनको निषेध छैन। बालबालिकालाई प्रयोग गर्न निषेध गरिएका जोखिमपूर्ण कामहरूमध्य ईँटा भट्टीको रोजगारी पर्दैन जहाँ कामदारहरूले नियमित ठूल्ठूला भारी बोक्नु पर्छ। ईटा भट्टीहरुमा काम गर्नेहरूले हानिकारक पदार्थसँग व्यवहार पनि गर्नु पर्छ भनेर धेरै प्रमाणहरू भेटिएका छन्। रोजगारदाताले १४ देखि १७ वर्षीय श्रमिकहरूलाई बेग्लै खातामा राखेर अभिलेखीकरण गर्नुपर्दछ। बालबालिकालाई कलकारखाना, खानी, र त्यस्तै अन्य ६० प्रकारका जोखिमपूर्ण काममा लगाउन कानूनले निषेध गरेको छ। १६ देखि १७ वर्षीयाहरूलाई हप्तामा ३६ घण्टाभन्दा बढी (दिनको ६ घण्टाको दरले हप्ताको ६ दिन, बिहान ६ बजेदेखि

बेलुला ६ बजेसम्म) काममा लगाउन कानूनले निषेध गरेको छ। कानूनमा नाबालकहरूलाई गैरकानुनी रुपमा काममा लगाउनेहरूलाई नगद जरिमाना गराइने प्रावधान छ जसका आधारमा उल्लंघनहरू काफी हद्सम्म निरुत्साहित गर्न सम्भव छ।

बालश्रम कानूनको पालना र त्यसलाई व्यवहारमा लागू गर्ने जिम्मेवारी बोकेको श्रम विभाग स्वयमको कार्यान्वयन पक्ष भने फितलो रहेको थियो। श्रम विभागद्वारा गरिएको अधिकांश श्रम निरिक्षण औपचारिक क्षेत्रमा केन्द्रीत थिए जबकी झण्डै सबैजसो बालश्रमिकहरू अनौपचारिक क्षेत्रमा प्रयोग गरिन्छन्। विभागले जिल्लाहरूमा १० जना श्रम निरिक्षकहरू खटाएको छ भने काठमाण्डौंमा २जना वरिष्ठ कलकारखाना निरिक्षकको दरबन्दी छ। तर यी दरबन्दीहरू सँधैजसो रिक्त रहने हुँदा विभागको प्रभावकारिता सीमित हुन पुगेको छ। यीमध्य केही पदहरू रिक्त रही रहनुको पछाडि एकातिर नियमित कर्मचारी सरुवा पनि एउटा कारण थियो भने अर्कोतिर कानून कार्यान्वयनका लागि स्रोतसधनको अभाव अर्को कारण थियो। श्रम निरक्षकहरूले बेलाबेलमा बालश्रम कानुनसम्बन्धी तालिम प्राप्त गर्ने गरेको भए तापनि यस किसिमका तालिम कुनै निश्चित तालिकाअनुसार संचालित थिएनन्। बालश्रविरुद्ध लड्न र अन्ततः त्यसको उन्मूलन गर्नका लागि बृहत कानुनी तथा नीतिगत आधार निर्माण गरिएको छ। सजायहरूको प्रयोगबाट धेरै हदसम्म बालश्रम उल्लंघनहरू निरुत्साहित गर्न सम्भव छ।

कृषि, घरेलु सेवा, भरियाको काम, र यातायातमा बालश्रमको प्रयोग गरियो; बालश्रमको सबभन्दा निकृष्ट र दुर्व्यव्यवहारपूर्ण प्रयोग ईँटा भट्टा, ढुंगा रोडा उद्योग, गलैंचा उद्योग, जरी भर्ने कारखानाहरू र मनोरञ्जन क्षेत्रमा भएका थिए। अनौपचारिक क्षेत्रमा बालबालिकाहरूले अस्वस्थ्य वातावरणमा दैनिक लामो समय काम गर्नुपर्ने र ठूला ठूला भारी बोक्नुपर्ने मात्र होइन उनीहरूले यौन शोषणको जोखिम मोल्नुपर्ने र बेलाबेलामा अनेकन स्वास्थ्य समस्या भोग्नुपर्ने स्थिति पनि भोगे (हेर्नुस खण्ड ६, बालबालिका)।

*https://www.dol.gov/agencies/ilab/resources/reports/child-labor/findings* मा गएर हेर्नुस् नेपाल सरकारको श्रम विभागको *निकृष्ट बालश्रम प्रयोगबारे छानबिनको नतिजाहरू*।

**घ. रोजगारी र व्यवसायसँग सम्बन्धित विभेद**

संविधानले धर्म, जाति वा नश्ल, लिंङ्ग, जात, थर वा उपजात, भौगोलिक वा सामाजिक उत्पत्ति वा मूल, शारीरिक वा स्वास्थ्यको अवस्था, अपांगता, वा विश्वास र विचारधाराको आधारमा गरिने विभेदलाई निषेध गरेको छ। लिङ्गको आधारमा तलब वा वेतनमा विभेद गर्न श्रम नियमनले नै निषेध गरेको छ।

संविधान, कानून, र नियमनहरूमा रहेका कुनै पनि प्रावधानले श्रम, रंग, उमेर, नागरिकता वा राष्ट्रिय उत्पत्ति, एचआइभी वा अन्य सरुवा रोग संक्रमित अवस्थाजस्ता आधारमा गरिने विभेदलाई निषेध गरेका छैनन्।

संवैधानिक एवं कानूनको संरक्षण हुँदा हुँदै पनि रोजगारी र व्यवसायको क्षेत्रमा लिङ्ग, जात, जातीयता, राष्ट्रिय उत्पत्ति वा मूल, नागरिकता, अपांगता, धर्म, लैंगिक रुझान एवं यौनिक पहिचान र एचआइभी संक्रमित अवस्थाजस्ता कुराका आधारमा विभेद जरी रह्यो। सरकार र मानव अधिकार संघसंस्थाको निगरानी कमजोर वा गौण हुनुका साथै उत्पीडित समुदायको शक्ति र पहुँच कम रहेको अनौपचारिक क्षेत्रमा यस्ता विभेद सबभन्दा व्याप्त रुपमा देखियो। औपचारिक क्षेत्रमा गरिने विभेदको सामान्य लक्षणहरु भने उच्च जातका सवलांग पुरुषहरूले जागिर, पदोन्नती, र सरुवाभरुवामा पाउने प्राथमिकता जस्ता कुरामा देखिए।

सरकारी सेवामा रोजगारीको लागि योग्य हुनका लागि नेपाली मूलको नागरिक हुनैपर्ने सर्त राखिएको छ।

महिला, बालबालिका, तथा वृद्ध नागरिक मन्त्रालयका र अपांग अधिकारकर्मीका अनुसार अपांगता भएका नागरिकहरूको कुल रोजगारी दरमा उल्लेख्य वृद्धि भएन। विभिन्न किसिमका अपांगता भएका व्यक्तिहरूको ठूलो संख्याले अपांगता भएकै कारण निजी क्षेत्रमा रोजगारी पाउनबाट आफूहरू बञ्चित भएको अथवा रोजगारीबाट हटाइएको दाबी गरे। अपांगता भएका कर्मचारीले सबै क्षेत्रमा विभेदपूर्ण व्यवहार भोग्नु परेको अनुभव सुनाए।

नेपाल दलित सामाजिक कल्याण संस्थाको अनुसार सरकारले विभेदको प्रतिरोध गर्ने कानुनी प्रावधानहरू लागू गर्दै तल्ला जात जातिहरूको रोजगारीको अवसर सुनिश्चिनत गर्ने दिशामा सार्वजनिक र निजी क्षेत्रमा सीमित प्रगती मात्र हासिल गर्‍यो। यस्ता उल्लंघनहरूको विषयमा बृहत तथ्यांक भने उपलब्ध थिएनन्।

एलजिबिटीआई व्यक्तिहरूप्रतिको भेदभाव सम्बन्धी भरपर्दो तथ्यांक उपलब्ध नभएपनि लैङ्गिक र यौनिक अल्पमत व्यक्तिहरुले राष्ट्रिय खेलकुदलगायत विभिन्न सुरक्षा सेवाहरूमा प्रतिस्पर्धा र पदोन्नतीका मौका नियमित र व्याप्त रुपमा गुमाउने गरेको अधिकार्मीहरूले बताए।

**ङ. रोजगारीमा स्वीकार्य वातावरण**

न्यूनतम मासिक पारिश्रमिक दर कमाएर मानिसले आफूलाई गरिबीको औपचारिक रेखाभन्दा माथि राख्न सम्भव भएपनि यसको आधारमा मानिसहरूलाई आफ्ना आधारभूत आवश्यक्ता धान्न मुश्किल थियो।

न्यूनतम पारिश्रमिकसम्बन्धी कानुन औपचारिक क्षेत्र (जसले श्रामशक्तिको करिब १०% ओगटेको छ) तथा अनौपचारिक क्षेत्र दुवैमा लागू हुने भए तापनि औपचारिक क्षेत्रमा यसको कार्यान्वयन बढी सशक्त रहेको थियो।

सातामा एक दिन बिदा र काम गरेको हरेक ५-५ घण्टामा आधा घण्टा विश्राम पाइने गरी कानूनले ४८ घण्टको कार्यसाता तोकेको छ। कानून अनुसार बढीमा दिनको ४ घण्टा र सातामा २० घण्टाको ओभरटाइम गर्न सकिने व्यवस्था हुनुका साथै ओभरटाइम कामलाई प्रति घण्टा नियमितभन्दा ५०% बढी पारिश्रमिक दिनुपर्ने प्रावधान छ। अनिवार्य र अत्याधिक ओभरटाइम निषेध गरिएको छ। कामदारहरूको तलबी सरकारी बिदा, बिरामी बिदा, बार्षिक बिदा, सुत्केरी बिदा, पारिवारिक शोक बिदा, र अन्य विशेष बिदाहरू पाउने कानुनी हक रहेको छ। कल कारखाना र व्यवसायमा कामदारहरूलाई सुरक्षित र स्वस्थ्य राख्नका लागि कानुनले पर्याप्त मापदण्डहरू खडा गर्नुको साथै आपत्तकालिन कोष, आवासीय सुविधा, ५० जनाभन्दा बढी महिला कार्यरत उद्योगमा दिवा बाल स्याहार केन्द्र र सुत्केरी बिदाको प्रबन्धन हुनुपर्ने पनि कानूनले उल्लेख गरेको छ।

श्रम तथा रोजगारी मन्त्रालयले औपचारिक क्षेत्रमा अधिकांश कल उद्योगले न्यूनतम पारिश्रमिक र श्रम समयसीमाको पालना गरेको जानकारी दिए तापनि कृषि र घरेलु कामजस्ता अनौपचारिक क्षेत्रमा यी मापदण्डलाई असमान रुपमा लागू गरिएको थियो। श्रम मन्त्रालयले न्यूनतम पारिश्रमिक दर, कामको समयसीमालगायत व्यवसायिक स्वास्थ्य र सुरक्षासम्बन्धी कानून कार्यान्वयन गर्नका लागि पर्याप्त निरिक्षकहरू खटाएको अवस्था थिएन। सरकारले प्रभावकारी रुपमा कानून लागू गरिरहेको थिएन।

कार्यथलाहरूमा व्यवसायिक स्वास्थ्य र सावधानी सम्बन्धी मापदण्डहरूको कार्यान्वयन फितलो मात्र रहेन, श्रम तथा रोजगारी मन्त्रालयले यसलाई सम्पूर्ण कानुन कार्यान्वयनमध्यकै सबैभन्दा उपेक्षित क्षेत्र भनी स्वीकारसमेत गरेको थियो। मन्त्रालयले निर्माण, खानी, यातायात, कृषि र कलकारखानालगायतका विविध क्षेत्रमा यसको उल्लंघन हुने बतायो।

सरकारले श्रमिकहरूलाई उद्योग व्यवसाय र कार्यथलोमा स्वस्थ र सुरक्षित राख्ने कानूनी प्रावधानहरू कार्यान्वयन गर्ने आवश्यक नियमनकारी र प्रसाशनिक संरचना निर्माण गरेको छैन। सरकारले श्रम तथा रोजगारी मन्त्रालयअन्तर्गत व्यवसायिक स्वास्थ्य र कामदार सुरक्षामा एकल ध्यान दिनेगरी कुनै पनि निकायलाई नखटाएको मात्र होइन यस विषयमा खास तालिम पाएका निरिक्षकहरू पनि मन्त्रालयमा कार्यरत नरहेको स्थिति छ। भावी उल्लंघन निरुत्साहित गर्नका लागि विद्यमान जरिमाना प्रणाली पनि अपर्याप्त देखियो। निरिक्षकहरूलाई कानूनले कलकारखाना धनीहरूलाई कार्यथलोमा देखिएका असुरक्षित वातावरण सम्बोधन गर्ने आदेश दिन सक्षम बनाए पनि सुरक्षा मापदण्डहरू न्यूनतम रुपमा मात्र कार्यान्वयन हुने र अनुगमन पनि फिलतो रहने आवस्था निरन्तर रह्यो। कार्यथलोमा हुने दुर्घटना र कामदार मृत्यु सम्बन्धी यकिन तथ्यांक उपलब्ध थिएनन्। श्रम कानुन र नियमनहरूमा श्रमिकहरूले आफ्नो स्वास्थ्य र ज्यान जोखिममा पर्ने स्थितिबाट आफूलाई हटाउन सक्छन् र यसो गर्दा उनीहरूले रोजगारी गुमाउने स्थिति भोग्नु पर्ने छैन भनेर खुलाइएको छैन।

सरकारले कामदारहरू विदेश पठाउने “म्यानपावर” कम्पनीहरूलाई नियमन गर्दै जाली ढंगबाट कामकारबाही गर्नेहरूलाई दण्डीत पनि गऱ्यो। सरकारले सन् २०१५ मा सुरु गराएको निःशुल्क प्रवेशाज्ञा र हवाई टिकेटको सुविधालाई जारी राख्ने प्रदिबद्धता व्यक्त गऱ्यो, तर प्रवासी कामदार अधिकारवादी गैससहरूको अनुसार सरकार यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नबाट भने चुकेकोछ। केही सरकारी अधिकृतहरू यात्रासम्बन्धी नक्कली कागजात बनाइदिने र म्यानपावरहरूबाट भएका श्रम कानुन उल्लंघनका घटनाहरूमा आँखा चिम्लने जस्ता गतिविधिमा संलग्न रहेका थिए। यस वर्ष वैदेशिक रोजगारी विभागले म्यानपावर दर्तासंख्या कम गर्न र उनीहरूलाई विभागको थप निकट निगरानीमा राख्न विभिन्न कदमहरू चालेको छ। दर्ता नगरिएका र अनियन्त्रित रुपमा श्रम “दलाली” र बिचौलिया गर्ने अनगिन्ति पात्रहरू आ-आफ्ना समुदायमा गनिने मानिने व्यक्तिहरू हुने हुँदा यसले वैदेशिक रोजगारीमा देखिने अनियमितताहरूको प्रभावकारी अनुगमनकार्यलाई थप जटिल बनाएको छ। कामदारहरूलाई वैदेशिक रोजगारी प्रवर्द्धन बोर्डमा शुल्क तिरेर आफूलाई दर्ता गराउन प्रोत्साहन गरियो र यस माध्यमबाट प्रवासी कामदारहरूको आवतजावत अभिलेख गर्दै अधिकार हनन भएको अवस्थामा केही क्षतिपूर्ती पनि उपलब्ध गराउन सम्भव भयो।

सरकारले वैदिशिक रोजगारीमा जाने कामदारहरूको करारपत्र नेपालीमा अनुवाद गरिनुपर्ने र कामदारहरूले विदेश जानुपूर्व एउटा अभिमूखिकरण कार्यक्रममा भाग लिनुपर्ने प्रावधानहरू लागू गऱ्यो। यदि भविष्यमा विदेश भूमिमा अधिकार हनन भएको खण्डमा कामदारहरूलाई के कस्ता हक अधिकार

प्राप्त हुन्छन र उनीहरूलाई कुन किसिमका कानुनी सहयोग र निकास उपलब्ध हुन सक्छन् भनि अभिमूखिकरण कार्यक्रममा बताइयो। यस्ता प्रयासहरूको प्रभावकारिताबारे प्रश्न उठाउने ठाउँ छ किनभने एकातिर धैरै कामदारहरू यो अनिवार्य तालिम नै नलिई विदेश गएका छन् भने अर्कोतिर कतिपय कम्पनीहरूले कामदारहरूबाट सानो रकम असुलेर बिना अभिमूखिकरण नै उनीहरूलाई प्रमाणपत्र हातमा थमाएर विदेशतिर पठाइरहेको स्थिति छ। नेपाली श्रमिकहरूले विदेशमा जोखिमपूर्ण अवस्था सामना गर्नुपर्ने स्थिति निरन्तर रह्यो।

अन्तर्राष्ट्रिय श्रम संस्था (आइएलओ)को अनुसार नेपालको अर्थतन्त्रमा सक्रिय जनशक्तिमध्य ७०% भन्दा बढी अनौपचारिक क्षेत्रमा कार्यरत रहेका छन्।

स्वास्थ्य र सुरक्षा खतरामा पार्ने व्यवसायिक परिस्थितिहरूबाट कामदारहरूलाई कानुनले संरक्षित गरेको हुँदा हुँदै पनि गाँउठाउँ र साना सहरबजारहरूमा संचालित साना र घरेलु उद्योग धन्धाहरूमा कहिलेकाहीँ उद्योग धनीहरूले कामदारलाई यस्ता जोखिमपूर्ण स्थितिमा काम गर्न लगाउने र काम नगरे रोजगारी नै छोड्न बाध्य बनाउने गरेका थिए। देशको श्रमशक्तिको अनुपातमा शर्म निरिक्षकहरु अप्रयाप्त छन्।

# # #